
# सिम्ता गाउँपालिका, बजेडिचौर, सुर्खेत

## ६ नं प्रदेश, नेपाल




# जलवायु तथा विपद् जोखिम पार्श्वचित्र

## २०७५

# जलवायु तथा विपद् जोखिम पार्श्वचित्र

## सिम्ता गाउँपालिका, सुर्खेत

२०७५

प्रविधिक सहयोग: अक्सफोर्ड पोलिसी म्यानेजमेन्ट लिमिटेड (ओपिएमएल)

# गाउँ कार्यपालिकाको कार्यालय
# बजेडिचौर, सुर्खेत

## गाउँपालिका अध्यक्षको तर्फबाट व्यक्त शुभकामना

सुर्खेत जिल्लाको पूर्वि उत्तर क्षेत्रमा पर्ने सिम्ता गाउँपालिकामा एकातिर विकासका कार्यक्रमहरु द्रुत रुपमा अगाडि बढेका छन् भने अर्कोतिर जलवायु परिवर्तनका कारण सिर्जित जलवायु जन्यप्रकोप एवम् गैरजलवायुजन्य प्रकोपले नकारात्मक असर पुरयाई रहेको छ । यस ठाउँमा सबैभन्दा बढी बाढी (नदी कटान) र त्यसपछि पहिरो र आगलागीले नोक्सान पुऱ्याएको देखिन्छ भने  हावाहुरी र चट्याङ्ग बाट पनि मानवीय तथा भौतिक क्षति ब्यहोर्नु परेको तथ्य रहेको छ ।

यसै सन्दर्भमा, सिम्ता गाउँपालिकामा जलवायु परिवर्तन तथा विपद्का घटनाहरुको विगतको अवस्था पहिचान तथा विश्लेसण गर्न सक्षम हुने, भविष्यमा पार्न सक्ने असरलाई मध्यनजर गर्दै, जलवायु र विपद्को जोखिमबारेको बुझाई विकास गर्ने र सम्भाव्य जोखिमको आँकलन र सम्बोधन गर्दै जलवायु र विपद् समानुकुलन विकास र विकास निर्माणका नीति नियम र कार्यक्रमहरुमा जलवायु तथा विपद् जोखिमको विषयलाई मूलप्रबाहिकरण गर्ने उद्देश्यले यो पार्श्वचित्र निर्माण गरिएको हो ।

यो पार्श्वचित्रले जलवायु परिवर्तनको हालको अवस्था, विगतमा भए गरेका प्रकोपका घटना, विपद्को अवस्था, जलवायु परिवर्तनले भविष्यमा पार्न सक्ने असर, प्रकोपको तिव्रतामा आउने घटनाक्रम प्रष्ट रुपमा चित्रण गरेको छ । जलवायु तथा विपद् जोखिम पार्श्वचित्रले समेटेका विषयहरुलाई ध्यानमा राखी यस गाउँपालिकाले आगामी दिनमा जलवायु जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिनेछ ।

यो पार्श्वचित्र निर्माणको लागि सिम्ता गाउँपालिका, सुर्खेतको अनुरोधमा अक्सफोर्ड पोलिसि म्यानेजमेन्ट, काठमाण्डौले प्राविधिक सहयोग गरेको हो । यस गाउँपालिकाको जलवायु तथा विपद् जोखिम पार्श्वचित्र तयार गर्न सघाउ पुरयाउनु हुने गाँउ कार्यपालिकाका सम्पूर्ण पदाधिकारी, विषयगत शाखाका प्रमुखहरु, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी जलवायु तथा विपद् जोखिम सम्बन्धी सूचना उपलब्ध गराउनुहुने कार्यालय, गैसस र वडा प्रतिनिधिहरुलाई पनि धन्यवाद दिन चाहन्छु । साथै यस कार्यमा प्राविधिक सहयोग पुरयाउनुभएकोमा् अक्सफोर्ड पोलिसि म्यानेजमेन्ट (Oxford Policy Management-OPM) लाई विशेष धन्यवाद दिन चाहान्छु ।

(.........................................)
कबिन्द्र कुमार के.सी.

अध्यक्ष

सिम्ता गाउँपालिका

# कार्यकारी सारांश

| शीर्षक | विवरण |
|---|---|
| गाउँपालिका | सिम्ता |
| चार किल्ला | पूर्व : सल्यान जिल्ला पश्चिमः चिङ्गाड गाउपालिका उत्तरः जाजरकोट जिल्ला दक्षिणः गुर्भाकोट नगरपालिका |
| क्षेत्रफल | २४१.६३ वर्ग किमि |
| अवस्थिति | उचाई : ६११ मी देखि २१५० मी सम |
| जनसंख्या | घरधुरी : ५०९४ |
| | जम्मा जनसंख्या : २५८४५ महिला : १४००२ पुरुषः ११८४३ |
| | जनघनत्व : १०७ |
| प्रमुख पेशा तथा जीविकोपार्जनको आधार | कृषि, व्यापार व्यवशाय, निजामती कर्मचारी, सिकर्मी, डकर्मी |
| हावापानी/जलवायुको अवस्था | औषत तापक्रम १५ देखि २७ डिग्री औषत वर्षाः १०० से मी भन्दा बढी न्यानो आद्र शितोष्ण हावापानी तथा चिसो आर्द्र शितोष्ण हावापानी |
| जलवायु तथा विपद् जोखिम पार्श्वचित्र निर्माणको उद्देश्य | • सिम्ता गाउँपालिकामा जलवायु परिवर्तन तथा विपद्का घटनाहरुको विगतको अवस्था पहिचान तथा विश्लेसण गर्न सक्षम हुने,<br>• भविष्यमा पार्न सक्ने असरलाई मध्यनजर गर्दै, विपद्को जोखिमबारेको बुझाई विकास गर्ने,<br>• सम्भाव्य जोखिमको आँकलन र सम्बोधन गर्न विपद् समानुकुनल विकास र विकास निर्माणका नीति नियम र कार्यक्रमहरुमा जलवायु तथा विपद् जोखिमको विषयलाई मूलप्रबाहिकरण गर्ने उद्देश्य हो । |
| जलवायुजन्य तथा गैर-जलवायुजन्य प्रकोपहरु | जलवायुजन्य प्रकोपहरु :<br>बाढी (नदी कटान), पहिरो, वन डढेलो, हावाहुरी/असिना, चट्याङ्ग, सुख्खा/खडेरी<br><br>गैर-जलवायुजन्य प्रकोपहरु :<br>भुकम्प, बन्यजन्तुको आक्रमण, पहिरो (मानव सिर्जित), आगलागी |
| जलवायुको परिदृष्य | बि स २०७३ देखि २१०२ सम्ममा, सुर्खेत जिल्लामा करीब १° सेन्टिग्रेड देखी १.८° सेन्टिग्रेडसम्म तापक्रम बढ्ने र वर्षाको मात्रामा बढोत्तरी आउने आँकलन गरिएको छ । |
| भू-क्षयको दृष्टिले जोखिम क्षेत्रहरू | वडा नं १,२,३,४,७ का राकम, बजेडीचौर, खानीखोला, पौवा, मुग्प्रहा, आग्रीगाउँ |

| | |
|---|---|
| नदी कटान/बाढीको दृष्टिले जोखिम क्षेत्रहरू | वडा नं १,३,५,६,७ का राकम, आग्रीगाउँ, सालखोला, बाखर्क, औली झ्यामा, गजौडा, ज्यामिचौर, राकम, ठिग्नी, गोजी बजार चुन्पानी |
| सम्मुखता, सङ्कटासन्नता | बाढी (नदि कटान) को सम्मुखतामा रहेका तत्वहरु :<br>• ११०० घरधुरीहरु, २३०० रोपनी खेतियोग्य जमिन<br>• १३९ मी पाइप खानेपानी आयोजना<br>• ९९ वटा सिंचाई कुलो<br>• ६ विधालयहरु<br><br>पहिरोको सम्मुखतामा रहेका तत्वहरु :<br>• ८७५ घरधुरीहरु, २३०० रोपनी खेतियोग्य जमिन<br>• ३३१ मी पाइप खानेपानी आयोजना<br>• २७ वटा सिंचाई कुलो<br>• १५ बिधालय<br><br>आगलागीको सम्मुखतामा रहेका तत्वहरु :<br>• खरका छाना भएका २६८७ घरधुरीहरु<br>• सल्ला प्रजातीका बोटहरु बढि रहेका ४५ सामुदायिक बन<br><br>सुख्खा र खडेरीको सम्मुखतामा रहेका तत्वहरु :<br>• मौसमी पानीको भर पर्ने ३३०० घरधुरीहरु<br>• ३० वटा पानी मुहान प्रयोग गर्ने २२०० घरधुरीहरु |
| जोखिम न्यूनिकरण/अनुकुलनको वर्तमान अवस्था र क्षमता | सहयोगी संघ संस्था तथा सरोकारवालाहरु :<br>सिम्ता गाउँपालिका, डिभिजन बन कार्यालय, जलाधार ब्यबस्थापन कार्यालय, गैसस, जिल्ला प्रशासन कार्यालय, सिम्ता गाउँपालिका, स्थानीय सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, खाद्यसंस्थान, खानेपानी तथा सरसफाई सवडिभिजन कार्यालय, गैसस, जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल उद्योग वाणिज्य संघ<br><br>सहयोगी जनशक्ति तथा साधनहरु :<br>१ एम्बुलेन्स, १ गाडी, सामुदायिक वन (४५ वटा), सहकारी संस्था (२९ वटा), पालिकास्तरमा विपद् व्यवस्थापन कोष, १ ईञ्जिनियर, ३ जुनियर ईञ्जिनियर, ५ ओभरसियर, विपद सम्बन्धि तालिम प्राप्त जनशक्ति ४०५ जना |
| जलवायु तथा विपद् जोखिम व्यवस्थापनका लागि संस्थागत व्यवस्था | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५, गाउँ विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन कोष, वातावरण तथा विपद् व्यवस्थापन इकाइ |

# विषयसूचि


**परिच्छेद १: परिचय** ........ 7

**१.१. सिम्ता गाउँपालिकाको परिचय** ........ 7

**१.२. जलवायु तथा विपद् जोखिम पार्श्वचित्र निर्माणको उद्देश्य** ........ 11

**१.३. पार्श्वचित्र निर्माण प्रक्रिया** ........ 11

**परिच्छेद २: जलवायु तथा विपद् जोखिम सम्बन्धी अवस्था/जानकारी** ........ 12

**२.१. बाढी (नदी कटान)** ........ 12

**२.१. पहिरो** ........ 14

**२.३. आगलागी र वन डढेलो** ........ 15

**२.४ चट्याङ्ग** ........ 15

**२.५. हावाहुरी, असिना** ........ 16

**२.६. बन्यजन्तु** ........ 17

**२.७. सुख्खा, खडेरी** ........ 17

**२.८. भुकम्प** ........ 18

**परिच्छेद ३: जलवायुजन्य तथा गैरजलवायुजन्य प्रकोपहरुको वर्तमान एवं सम्भावित जोखिम** ........ 19

**परिच्छेद ४: सम्मुखता, सङ्कटासन्नता तथा जोखिम न्यूनिकरण/अनुकुलनको वर्तमान अवस्था र क्षमता** ........ 24

**परिच्छेद ५: जलवायु तथा विपद् जोखिम व्यवस्थापनका लागि संस्थागत व्यवस्था** ........ 30

**परिच्छेद ६: निष्कर्ष तथा भावी कार्यदिशा** ........ 31

**सन्दर्भ सामग्रीहरुः** ........ 33

**अनुसूचिहरुः** ........ 34

अनुसूचि नं. १. गाँउस्तरीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु ........ 34

अनुसूचि नं. २. वातावरण तथा विपद् व्यवस्थापन समिति, सिम्ता गाउँपालिका, सुर्खेत ........ 34

अनुसूचि नं. ३. भुकम्पिय जोखिममा रहेको सुर्खेत जिल्ला ........ 35

अनुसूचि नं. ४. सुर्खेत जिल्लाको जलवायु परिबर्तनको अवस्था ........ 36

अनुसूचि न. ५. सिम्ता गाउँपालिकामा मा देखापर्ने प्रकोप र प्रभावित वडाहरु ........ 39

अनसूचि नं. ६. सिम्ता गाउपालिकामा छानाको प्रकारको आधारमा घरधुरी संख्या ........ 39

अनसूचि नं. ७. सिम्ता गाउपालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरु ........ 40

अनुसूचि न. ८. सिम्ता गाउँपालिकामा मा कार्यरत सँघ संस्था ........ 41


अनुसूचि न. ९. पार्श्वचित्र निर्माणको क्रममा छलफल गरिएका विभिन्न व्यक्तिहरुको विवरण ........ 41

अनुसूचि न. १०. सिम्ता गाउँपालिकाको नक्शा ........ 43

## परिच्छेद १: परिचय

### १.१. सिम्ता गाउँपालिकाको परिचय

सुर्खेत जिल्लाको पूर्वि उत्तर क्षेत्रमा पर्ने सिम्ता गाउँपालिका साविकका घोरेटा, काफलकोट, आग्रिगाउँ, बजेडिचौर, राकम, काप्रिचौर, डाडाखाली र खानीखोला गरी आठवटा गाउँ विकास समिति मिलेर बनेको गाउँपालिका हो । सिम्ता गाउँपालिकालाई नौवटा वडामा विभाजन गरिएको छ ।




चित्र २ सिम्ता गाउँपालिका सहित सुर्खेत र नेपालको नक्शा

यस गाउँपालिकाको केन्द्र साविक बजेडिचौर गाउ विकास समितिको कार्यालयलाई कायम गरिएको छ । जिल्ला सदरमुकाम वीरेन्द्रनगर देखि १९ कोष पूर्वमा अवस्थित यो गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नं १ मा पर्दछ । तुलानात्मक रुपमा उत्तर दक्षिण फैलिएको गोलो आकृती भएको यो गाउँपालिकाको अक्षांश २८° ४४' उत्तर देखि २८° ६४' उत्तर सम्म र देशान्नतर ८१° ८६' पूर्व देखि ८२° ०४' पूर्व सम्म फैलिएको छ । सिम्ता गाउँपालिकाका अधिकांश खेतियोग्य जमिनहरू आकाशे पानीमा आधारित छन । सिंचाईको प्रयाप्तता छैन । । यस गाउँपालिकाको जनसंख्या २०६८ सालको जनगणना अनुसार २५,८४५ रहेको छ ।

तालिका १ सिम्ता गाउँपालिकामा कायम भएका वडाहरु

| सि नं | साविकका गा.वि.स. | साविकका वडाहरु | सिम्ता गा पा मा कायम भएका वडाहरु |
|---|---|---|---|
| १ | घोरेटा | १–९ | १ |
| २ | काफलकोट | १–९ | २ |
| ३ | आग्रिगाउँ | १–९ | ३ |
| ४ | बजेडिचौर | ५–९ | ४ |
| ५ | बजेडिचौर | १, २, ३, ४ | ५ |
| ६ | राकम | १–९ | ६ |
| ७ | काप्रिचौर | १–९ | ७ |
| ८ | डाडाखाली | १–९ | ८ |
| ९ | खानीखोला | १–९ | ९ |

भौगोलिक स्वरुप यस सिम्ता गाउँपालिकाको उत्तरी भाग महाभारत पर्वत श्रृखलामा पर्दछ भने केहिं भाग मध्य मैदानी उपत्यका तथा पहाडी क्षेत्रमा पर्दछ । महाभारत पर्वत श्रृंखला २० देखि ४० ढालीय कोण भएको तीब्र ढाल तथा प्राचीन चट्टानयुक्त पर्बतीय भू- आकृतिले बनेको यो क्षेत्रमा कडकड खरो माटोको अधिकता छ । जंहा ँ भू-क्षय (Accelerated Erosion) बढी हुन्छ । कृषि कार्यका लागि यस क्षेत्रको भू-वनावट तुलनात्मक दृष्टिले अनुकुल पाइदैन । त्यसैगरी सिम्ता गाउँपालिकाको केहि भाग मध्य मैदानी उपत्यका तथा पहाडी क्षेत्रमा पर्दछ । १० देखी २० डिग्री सम्मको ढलियकोण तथा मध्य ढाल देखि समथर भू-भागमा पूर्ण विकसित पांगो माटो, बलौटे दोमट माटो र नबिनतम चट्टानको संरचना रहेको यो भू-भागमा स साना उपत्यकाका तथा निम्न होचो पहाडी भाग यस क्षेत्रमा रहेका छन । माथिल्लो एवं नदी द्वारा थुपारिएको उर्वरा माटोको कारण यहांको भू- प्रणाली सापेक्ष रूपमा खेती योग्य भइ धान, गहुं तथा तोरी खेतीको लागि अनुकुल छ ।

**जनसंख्या :** सिम्ता गाउँपालिका रा.ज. २०५८ मा २००९२ जनसंख्या थियो भने र २०६८ जनसंख्या बढेर २५८४५ पुगेको थियो । २०५८ को तुलनामा २०६८ मा ५७५३ जना ले जनसंख्या बढेको पाइयो । २०५८ बाट २०६८ मा पुग्दा २८.६३ प्रतिशतले जनसंख्या बढेको पाईयो ।

**जलवायु र तापक्रम :** यस गाउँपालिका समुन्द्रि सतहबाट ६११ मि देखि २१५० मि सम्मको उचाईमा रहेको भु-वनावटमा अवस्थित रहेकोले यस स्थानमा आद्र शितोष्ण हावापानी तथा न्याना आद्र शितोष्ण हावापानी पाइन्छ । यस प्रकोरको हावापानी पाईने भुभागमा १५ देखि २७ डिग्री सम्म औषत तापक्रम रहने गर्दछ । साथै उच्च पहाडी श्रृङखलाको कारण अधिक बर्षाको सम्भावना पनि रहेको छ ।

**भू-उपयोग :** सिम्ता गाउँपालिका अन्तर्गत रहेको कुल जग्गाको क्षेत्रफल २२९५१ हेक्टर रहेको छ जस्मध्ये कृषियोग्य जमिनको क्षेत्रफल ७७१२ हेक्टर, खेती गरिएको जमिन ४३५८ हेक्टर, वन तथा चरन क्षेत्र १२८२२ हेक्टर, आवास क्षेत्र, नदिनालाले ओगटेको क्षेत्र, ताल तलैया सिमसार र सडकले ओगटेको क्षेत्र २३८१ हेक्टर र सिंचित क्षेत्रफल १७७४ हेक्टर रहेको छ । सदरमुकामबाट सबैभन्दा नजिकको गाउँ खानीखोला र सबैभन्दा टाढाको आग्रिगाउ रहेको छ ।

**धार्मिक तथा ऐतिहाँसिक सम्पदा :** धार्मिक तथा ऐतिहाँसिक सम्पदाहरुमा तामा चुली, अमरई साल, चिसापानी खोला, तामालुक गुफा, शिवालय मन्दिर, बादे पिपल, बाणिकुटी कोटको थुम्को ,दारेथान, पातिहाल्ना कृष्ण मन्दिर, जारकोटको डाडा मन्दिर, खानीपाखाको गुफा, मस्तारा गुफा, तामाखानी, बडालेख, गिद्व बस्ने ओडार पर्दछन् ।

**सडक :** यस गाउँपालिका केहि वडा बाहेक अन्य वडाहरूमा मोटर बाटोले छुन सकेको छैन् । छिञ्चु-रामघाट हुँदै जाजरकोट जाने सडक भेरी नदीको दायाँ किनार हुदै सिम्ता गाउँपालिका भएर जाने गर्दछ । यो सडक बाहेक बाह्रैमहिना गाडी चल्ने खालका अन्य कुनै सडकहरु यस गाउँपालिका बनेका छैनन् । २२ कि मी कच्ची घोरेटा बाटो निर्माणधिन अवस्थामा छ।

**शिक्षा** : सिम्ता गाउँपालिकामा कुल ६० वटा प्रा. वि.छन् जस्मध्ये ५५ सरकारी, २ सामुदायिक, ३ निजी विद्यालय छन् । त्यसैगरी ६ वटा नि. मा. वि. मध्ये ४ सरकारी र २ निजी विद्यालय छन् । ११ मा. वि. मध्ये ९ सरकारी र २ सामुदायिक विद्यालय छन् र वि एड सम्म पढाई हने १ सिम्ता बहुमुखी क्याम्पस छ ।

**सिचांईको स्रोत :** यस गाउँपालिकाको अधिकास क्षेत्रफल पहाडी तथा भिरालो परेको जमिन भएको हुनाले ठूला सिचाई आयोजना नभएता पनि स्थानिय स्तरमा स-साना सिचाईका आयोजनाहरु सञ्चालनमा आएकाछन । ती सिचाईमा प्रयोग भएका कुलाहरुको सिचाईको श्रोत देहायबमोजिम रहेकोछ ।

तालिका २ सिम्ता गाउँपालिकामा सिचांईको स्रोत

| क.स. | सिचांईको स्रोतको नाम | वडा नं. |
|---|---|---|
| १ | जुगई खोला | १ |
| २ | सिर्पा खोला, जुगई बगर, भित्रि खोला, राक्सी खोला, दुर्पाला खोला, नाँहागाउ, देउघाट खोला, पाल्त सिचाई | २ |
| ३ | बजेडा आली, बाँस खोला, चिमिरे खोला, पौवा खोला, कालीखोला | ४ |
| ४ | बजेडा आली, गाड सिचाई, सिम्ता खोला, पदाल खोला | ५ |
| ५ | गोजि खोला | ६ |
| ६ | कालीखोला, जुगई खोला | ३ |

| | | |
|---|---|---|
| ७ | सिम्ता खोला, माल्दे खोला | ८ |
| ८ | खानी खोला, पनाल खोला, राक्से खोला | ९ |

**खानेपानी** : राष्ट्रिय जनगणना २०६८ अनुसार खानेपानीको अवस्थालाई हेर्दा २६७८ घरधुरीले पाईप तथा धारको पानी प्रयोग गरेको पाईयो । त्यस्तै ट्युबवेल/ हातेपम्पको पानी ८ घरधुरीले प्रयोग गरेका छन । ईनार को प्रयोग गर्ने हरुको संख्या १६७ घरधुरी रहेको पाईयो । मुल तथा प्राकृतिक धाराको पानी प्रयोग गर्नेको संख्या ४२० घरधुरी रहेकोछ  भने सिधै खोलाको पानी प्रयोग गर्नेको संख्या ५ घरधुरी रहेकोछ ।

तालिका ३ सिम्ता गाउँपालिकामा खानेपानीको स्रोत

| | | खानेपानीको मुख्य स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | गाउ | जम्मा घर धुरी | धारा/ पाईप | टयुबवेल/हातेपम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मुलधारा | नदी/खोला | अन्य | अनुत्तरित |
| १ | घोरेटा | ५३० | २२४ | ४ | ० | ० | २६७ | २८ | ० | ७ |
| २ | काफलकोट | ५८४ | २६५ | ० | २५ | २८ | २६० | ० | १ | ५ |
| ३ | आग्रिगाउं | ५०९ | १७० | ० | ० | ३८ | २१७ | ८४ | ० | ० |
| ४ | बजेडिचौर | ८६५ | ४२१ | १ | ० | १ | ३९७ | ४० | १ | ४ |
| ५ | राकम | ८०० | ६७६ | १ | ० | ० | २५ | ९४ | ० | ४ |
| ६ | काप्रिचौर | ५९८ | ४०५ | १ | ४४ | १ | ११२ | २६ | १ | ८ |
| ७ | डाडाँखाली | ५४१ | १६५ | ० | १ | १३ | ३४५ | १४ | २ | १ |
| ८ | खानीखोला | ६६७ | ३५२ | १ | ० | १६ | १६२ | १३४ | ० | २ |
| | जम्मा | ५,०९४ | २,६७८ | ८ | ७० | ९७ | १,७८५ | ४२० | ५ | ३१ |

**ईन्धन** : सिम्ता गाउँपालिकामा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनहरुको आधारमा पारिवारिक विवरण अन्तर्गत जम्मा घरधुरी ५०९४ घरधुरी मध्ये खाना बनाउनका लागि काठ दाउरा प्रयोग गर्ने घरधुरी ५०१५, मट्टितेल प्रयोग गर्ने घरधुरी ४, एल.पी.ग्याँस प्रयोग गर्ने घरधुरी १६, गोवर प्रयोग गर्ने घरधुरी १३, गोवर ग्यास प्रयोग गर्ने घरधुरी ८, विजुली प्रयोग गर्ने घरधुरी १ तथा अन्य इन्धन प्रयोग गर्ने घरधुरी ५ र अनुत्तरित घरधुरी ३२ रहेका छन् ।

## १.२. जलवायु तथा विपद् जोखिम पार्श्वचित्र निर्माणको उद्देश्य

नेपालमा वि.सं २०७२ सालमा संविधान जारी भए पश्चात विधिवत रुपमा संघिय शासन प्रणालीले मूर्त रुप लियो । यो सँगै विशिष्ट अधिकार सहितको स्थानीय सरकारहरुको (गाउँपालिका र नगरपालिकाहरुको) निर्माण भए सँगै स्थानीय सरकारले विभिन्न क्षेत्रमा संघिय सरकारको ऐन नियम सँग नबाझिने गरि आफ्नै कानुन, नीति नियम बनाउने अधिकार समेत प्राप्त गरे । यो परिवर्तन सँगै संरचनागत रुपमा विभिन्न क्षेत्र जस्तै कृषि, बन, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरुमा स्थानीय सरकारले आआफ्नै नीति नियम, ऐन, कार्यविधि बनाएर विकासका कामलाई तिव्रता दिने क्रम जारी छ। सिम्ता गाउँपालिकाले पनि विभिन्न ऐन नियम, कार्यविधि बनाएर कृषि, सडक, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरुमा विकासका कामलाई द्रुत रुपमा अघि बढाएको छ ।

एकातिर विकासका कार्यक्रमहरु द्रुत रुपमा अगाडि बढेका छन् भने अर्कोतिर जलवायु परिवर्तनका कारण सिर्जित जलवायु जन्यप्रकोप एवम् गैरजलवायुजन्य प्रकोपको बढदो असरका कारण विकासका कार्यक्रम, प्रयासहरु एवम् उपलब्धीहरुमा नकरात्मक असर पर्ने सम्भावना प्रबल रहेको विभिन्न वैज्ञानिक अध्ययन अनुसन्धानले देखाउँछन् । यसै सन्दर्भमा, सिम्ता गाउँपालिकामा जलवायु परिवर्तन तथा विपद्का घटनाहरुको विगतको अवस्था र भविष्यमा पार्न सक्ने असरलाई मध्यनजर गर्दै, जलवायु र विपद्को जोखिमबारेको बुझाई विकासको लागि र सम्भाव्य जोखिमको आँकलन र सम्बोधन गर्दै जलवायु र विपद् समानुकुनल विकासका लागि र विकास निर्माणका नीति नियम र कार्यक्रमहरुमा जलवायु तथा विपद् जोखिमको विषयलाई मूलप्रबाहिकरणका हेतुले यो पार्श्वचित्र निर्माण गरिएको हो। यो पार्श्वचित्रले जलवायु परिवर्तनको हालको अवस्था, विगतमा भए गरेका प्रकोपका घटना, विपद्को अवस्था, जलवायु परिवर्तनले भविष्यमा पार्न सक्ने असर, प्रकोपको तिव्रतामा आउने घटनाक्रम समेटेको छ । यसले हाम्रो आगामी बाटो कसरी तय गर्ने र जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनलाई विकासका कार्यक्रममा मूलप्रबाहिकरण गर्नको लागि मार्ग प्रशस्त गर्ने उद्देश्य लिएको छ । यो पार्श्वचित्रले स्थानीय सरकारका प्रतिनिधि, संघ, संस्था, सरोकारवाला विभिन्न निकाय, नागरिक समाज, पत्रकार, विकासका साझेदार संघ संस्था र निकायलाई जलवायु परिवर्तन तथा विपद् जोखिमबारे बुझाई विकास गर्न मद्दत पुरयाउन् आशा गरिएको छ ।

## १.३. पार्श्वचित्र निर्माण प्रक्रिया

यस गाउँपालिकाको “जलवायु तथा विपद् जोखिम पार्श्वचित्र” विवरण तयारीका लागि विभिन्न बैठक, सूचना संकलन तथा द्धितिय स्रोत समिक्षा प्रक्रिया अवलम्वन गरिएको छ। विशेषगरी पालिकास्तरीय बैठक, द्वितीय स्रोतबाट प्राप्त जानकारी, स्थलगत जानकारी तथा लक्षित समुह छलफल, अन्तरक्रिया तथा पृष्ठपोषण शैलीहरुको उपयोग गरिएको छ ।

## परिच्छेद २ः जलवायु तथा विपद् जोखिम सम्बन्धी अवस्था/जानकारी

सिम्ता गाउँपालिका भित्र देखापरी रहेका जलवायुजन्य तथा गैर-जलवायुजन्य प्रकोपहरु र ती प्रकोपहरुले विभिन्न वर्षहरुमा पुरयाएका क्षति् र पुनरावृतिलाई यस परिच्छेदमा समेटिएको छ। यस पालिकामा मूलतः बाढी (नदी कटान), पहिरो, , हावाहुरी/असिना, वन डढेलो, चट्याङ्ग, सुख्खा/खडेरी प्रकोपहरु जलवायुजन्य प्रकोपको रुपमा रहेको र भुकम्प, बन्यजन्तुको आक्रमण, आगलागी, पहिरो (मानिव सिर्जित) प्रकोपहरु गैर जलवायुजन्य प्रकोपको रुपमा देखा परेका छन् ।

### २.१. बाढी (नदी कटान)

सिम्ता गाउँपालिकामा बाढीले विगत वर्षहरुमा विभिन्न वडाहरुमा असर/प्रभाव गर्दै आईरहेको हुँदा यी प्रकोपहरुको गम्भिरता (कठोरता) र पुनरावृतिलाई तालिका नं. ४ मा समावेश गरीएको छ ।

तालिका नं. ४

| क्र.सं. | वर्ष(वि.सं.) | बाढीले विगत वर्षहरुमा पुर्‍याएको क्षति नोक्सानी | स्थान/ वडा नं |
|---|---|---|---|
| १ | २०४० | ४ घर र ३०० रोपनी खेत वगाएको, जस्ले ३०० घर प्रभावित ५ लाख वरावरको क्षती | वडा नं ८, डाडाखाली |
| २ | २०४२ | ५ मान्छे, १५ घर, १ पानी घट्ट, ४० रोपनी खेत बगाएको ३ लाख वरावरको क्षति | वडा नं ७, सिम्ता खोला, गोजी बजार, पाखापानी बस्ती |
| | | १ घर वगाएको | वडा नं ५ |
| ३ | २०४६ | १ जनाको मृत्यु,<br>६५ रोपनी खेत वगाएको<br>१० वटा चौपाया वगाएको | सिम्ता खोला |
| ४ | २०४७ | १ जना वच्चाको मृत्यु<br>१० चौपाया वगाएको | जुगई खोला |
| ५ | २०४८ | ४ विघा जमिन वगाएको<br>१ गोरु वगाएको | खानीखोला, छारेगाउँ |
| ६ | २०५० | नैनसरा र सुशिलाको सम्पूर्ण जमिन बगाएको १ गोरु र १ भैसी मरेको | वडा नं ५, रोकाय टोल |
| | | १ जना बालिका लाई सजे खोलाले बगाएको जग्गा मा बाढीले क्षती गरी माटो बगाएको | टीमुरे बस्ती, खाराको बस्ती, डोबखोला बस्ती |

| | | | |
|---|---|---|---|
| ७ | २०५६ | ३ वटा भैंसी, २ वटा पसल र ५ रोपनी खेत बगाएको | वडा नं ४ |
| ८ | २०५७ | १ जनाको मृत्यु<br>१० चौपाया वगाएको<br>५० रोपनी खेत वगाएको, ८ वटा घर वगाएको | सा.वि.क ४ र ३ वजेडा, सिम्लेआली |
| ९ | २०६२ | पानि खोलाले १ मान्छे वगाएको | वडा नं ५ |
| १० | २०६३ | सिचाई कुलो वगाएको, खेतियोग्य जग्गा वगाएको, १० लाख वरावरको आर्थिक क्षती भएको | वडा नं ९ |
| ११ | २०६४ | २४ रोपनी खेत कटान, ५ वटा गाई गोरु वगाएको, १ घर वगाएको | साजीरखोला |
| १२ | २०६८ | जग्गा बगाएको, अन्नपतको नष्ट | वडा नं ८, चौखेढुंगा |
| १३ | २०६९ | १५ विघा जमिन वगाएको<br>१ जना वच्चा वगाएको | आतातिउरी |
| १४ | २०७० | १ घर, १ मान्छे वगाएको<br>बर्षेनी १७० रोपनी कटान हुनेगर्छ  ५८ धरधुरी प्रभावित हुने | वडा नं ५, आलि हिलो सोता |
| | | गोजी बजारको पाखापानी बस्ती नै धसिएर तल सरेको, ८० घर भत्केको | वडा नं ७, राता खोला बस्ती, मा.वि काप्रीचौर जाने कात्तीके खोला नजिकको सडक |
| | | २०० रोपनी खेतबारी बगाएको, ६० लाख बराबरको क्षती भएको | वडा नं ७, तमाधारी बस्ती |
| १५ | २०७१ | ५ वटा घर वगाएको,<br>१५ लाख वरावरको क्षती | वडा नं ५, नाडा, कालिखोला |
| १६ | २०७१ | १० रोपनी खेत बगाएको | वडा नं ७, सुनारटोल, खत्री टोल |
| | | १ जनाको मृत्यु<br>१४ घर वगाएको<br>७० रोपनी खेत वगाएको | गोजि वजार सिम्ता |
| | | १ घर, १५ रोपनी जग्गा वगाएको | सिम्ले आली |
| १७ | २०७२ | २ मान्छे, ६ चौपायाको खोलाले वगाएर मृत्यु, १० रोपनी खेत वगाएको | वडा नं ३, सेरा |

| | | | |
|---|---|---|---|
| | | १ घर वगाएको, ३० रोपनी खेतियोग्य जमीनमा क्षती, १० लाख वरावरको आर्थिक क्षती | वडा नं ६ |
| १८ | २०७३ | जुगइ खोलाले २ मान्छे वगाएको | वडा नं २ |
| १९ | २०७५ | भेरि नदिले २ मान्छे वगाएको | वडा नं ६ |

## २.१. पहिरो

सिम्ता गाउँपालिकामा पहिरो ले विगत वर्षहरुमा प्राय सबै वडाहरुमा क्षति (हानी, नोक्सानी) पुर्‍याएकोले यी प्रकोपहरुको गम्भिरता र पुनरावृर्तिलाई तालिका नं. ५ मा समावेश गरीएको छ।

तालिका नं. ५

| क्र.सं. | वर्ष( वि.सं.) | पहिरोले विगत वर्षहरुमा पुर्‍याएको क्षति तथा नोक्सानी | स्थान/वडा न |
|---|---|---|---|
| | २०४० | वनजगंलको क्षती भएको | वडा न ९, मुग्रे |
| १ | २०४२ | ३ वटा घर पुरिएको, ५० रोपनी जग्गा नष्ट, ५ लाख वरावरको क्षती | वडा नं ८ |
| २ | २०५५ | चुउरे खोला नजिकको घर भत्काएको र धनजनको क्षति | वडा नं ६ |
| ३ | २०६१ | ३ वटा घर पुरिएको, १५ रोपनी जग्गा क्षति | वडा नं १, रचेना |
| ४ | २०६२ | खानेपानी मुहान पुरिएको, १६ रोपनी जग्गा पुरिएको, २० घरधुरीको | वडा नं ५ |
| ५ | २०७० | गोठ तथा पशु पुरेको | वडा नं ५ |
| ६ | २०७१ | खेतीयोग्य जमिन बगाएको | वडा नं ८, पिलकाडा |
| ७ | २०७२ | खानेपानीको पाइप र ९ रोपनी जग्गा वगाएको | वडा नं २, रानीखोरी |
| | | २ रोपनी खेतमा क्षती भएको | वडा न.९, खानीगाउको गितारा |
| | | कुल बहादुर रानाको ७ रोपनी जग्गा पुरेको | वडा नं ८, सीनगैरी |
| ८ | २०७३ | १० घरधुरीको १० रोपनी जग्गा पुरिएको | वडा नं ४ |
| | २०७५ | भीम ब. खत्रीको ४ रोपनी जग्गा पुरेको | वडा न १, केउरेनी, डाडाखाली |
| ९ | प्रत्येक बर्ष | सुख्खा पहिरो | वडा नं ३, ठार बस्ति, धुलपैरो |

## २.३. आगलागी र वन डढेलो

सिम्ता गाउँपालिकामा आगलागीले विगत वर्षहरुमा केहि वडाहरुमा क्षति (हानी, नोक्सानी पुर्‍याएकोले यो प्रकोपको गम्भिरता (कठोरता) र पुनरावृत्तिलाई तालिका नं. ६ मा समावेश गरिएको छ।

तालिका नं. ६

| क्र.सं. | वर्ष( वि.सं.) | आगलागी ले विगतका वर्षहरुमा पुर्‍याएको क्षति तथा नोक्सानी | वडा नं |
|---|---|---|---|
| १ | २०५५ | १ घर जलेको | वडा नं ७, पाखापानी |
| २ | २०५७ | मानविय क्षति | वडा नं ६, रावत टोल |
| ३ | २०५९ | १ घर जलेको | वडा नं ७, तामाकाँडा |
| ४ | २०६३ | वन्य जन्तु तथा वनस्पतीको नाश | वडा नं ७ |
| ५ | २०६४ | वन डढेलोमा परि एक को मृत्यु भएको | वडा नं २, नयाँटोल, लामिमेला |
| ६ | २०६५ | ८ घर जलेको, लक्ष्मी सामुदायिक वन नष्ट भएको | वडा ६, सींहटोल |
| ७ | २०६६ | १ घर जलेको | वडा नं ७, थारि |
| | | डिल बहादुर वलीको घर र बाखीगोठ आगलागी भइ ६ वटा बाखा मरेको | वडा नं १ |
| ८ | २०६८ | २ घर जलेको, २ लाख वरावरको क्षती | वडा नं ८ |
| | | ११ घर जलेर पूर्ण रुपमा नष्ट भएको १५ लाख वरावरको क्षती | वडा न २, पिल्का |
| ९ | २०७३ | पशुपन्छि पूर्ण रुपले जलेको | वडा नं ५,उपल्लो खानी |
| | | खरको छाना भएको ८ वटा घरमा क्षती | वडा नं ९ |
| | | १ घर जलेको | वडा नं ७, नयाँ गाउँ |
| १० | २०७५ | ७ वाखा जलेर मृत्यु भएको | वडा नं १, रचेना |
| | | सुरेश दमाइको १ घर, २ गोरु, १ भैसी जलेर नष्ट भइ १.५ लाख वरावरको क्षती | वडा नं १, रचेना |

## २.४ चट्याङ्ग

सिम्ता गाउँपालिकामा चट्याङ्गले विगत वर्षहरुमा केहि वडाहरुमा क्षति पुर्‍याएकोले यो प्रकोपको गम्भिरता (कठोरता) र पुनरावृत्तिलाई तालिका नं. ७ मा समावेश गरिएको छ ।

तालिका नं. ७

| क्र.सं. | वर्ष(वि.सं.) | चट्याङ्गले विगत वर्षहरुमा पुर्‍याएको क्षति | वडा न |
|---|---|---|---|
| १ | २०७१ | १ वटा घरमा क्षती | वडा नं १ |
| २ | २०७२ | २ वटा घरमा क्षती | वडा नं १ |
| | | १ किशोरी अमृता खत्री को मृत्यु भएको र २ घाईते | सिम्ता दह, वडा नं ९ |
| ३ | २०७३ | २ वटा घरमा क्षती, २ मान्छे मरेको | धिमाने टोल, मुग्रे, ९ |

## २.५. हावाहुरी, असिना

सिम्ता गाउँपालिकामा हावाहुरी, असिना ले विगत वर्षहरुमा हानी, नोक्सानी पुर्‍याई रहेकोले यी प्रकोपहरुको गम्भिरता र पुनरावृत्तिलाई तालिका नं. ८ मा समावेश गरीएको छ।

तालिका नं. ८

| क्र.सं. | वर्ष(वि.सं.) | हावाहुरीले विगत वर्षहरुमा पुर्‍याएको क्षति | वडा न |
|---|---|---|---|
| १ | २०४३ | १ विद्यालयको छाना उडाएको | वडा नं ४ |
| २ | २०५३ | १ स्कुल र ८ घरको छाना उडाएको | वडा नं ५ |
| ३ | २०५४ | ६ वटा घरको छाना उडाएको, ३ लाख वरावरको क्षती | वडा नं ८ |
| ४ | २०६२ | ११ वटा घरको छाना उडाएको, २ विधालय | वडा नं ५ |
| ५ | २०७२ | ५० वटा घरको छाना उडाएको | वडा नं १ |
| | | प्रा.वि पोखराको विद्‌यालयको छाना फालेको | वडा नं ८ |
| ६ | २०७४ | मा. वि खेल्नेचौरको २ वटा भवनको छाना उडाएको | वडा नं ८ |
| ७ | २०७५ | सामुदायिक सिकाइकेन्द्रको भवनको छाना उडाएको | वडा नं ८, डाडाँखाली |
| | | असिनापानी | |
| १ | २०५३ | २०० रोपनीमा लगाएको गहु वालि नष्ट | टमटेना |
| २ | २०६० | ७० विघा जमिन नष्ट | वडा नं १, २, ३ र ४ |
| ३ | २०६३ | १०० रोपनीमा लगाएको गहुवालि नष्ट | सा वि क घोरेटा |
| ४ | २०६७ | गहुखेतीमा असर परेको | पुरै वडामा |
| ५ | २०७३ | असिनाले खाद्यान्न बाली र फलफुल गरि १० लाख बराबरको क्षति पुर्‍याएको | वडा नं १ देखी ६, डाडाँखाली |

## २.६. बन्यजन्तु

सिम्ता गाउँपालिकामा बन्यजन्तुले विगत वर्षहरुमा हानी, नोक्सानी पुर्‍याई रहेकोले यी प्रकोपहरुको गम्भिरता र पुनरावृत्तिलाई तालिका नं. ९ मा समावेश गरीएको छ ।

तालिका नं. ९

| क्र.सं. | वर्ष(वि.सं.) | बन्यजन्तु ले विगत वर्षहरुमा पुर्‍याएको क्षति | वडा नं |
|---|---|---|---|
| १ | २०४३ | मकै, गहु, कोदो आदिमा असर परेको | वडा नं १, २, ३ का सबै बस्ती |
| २ | प्रत्येक बर्ष निरन्तर | वादर, स्याल, वदेलले धान, मकै, गहुँ, फलफुल खाएर नष्ट गर्ने<br>स्यालले मान्छे मारेको | वडा ९ को खहरे, कुचेतारा, आसनतारा, लामटाडा वडा ८,७,६, ३ को आग्रीगाँउ |

## २.७. सुख्खा, खडेरी

सिम्ता गाउँपालिकामा सुख्खा, खडेरी ले विगत वर्षहरुमा हानी, नोक्सानी पुर्‍याई रहेकोले यी प्रकोपहरुको गम्भिरता र पुनरावृत्तिलाई तालिका नं. १० मा समावेश गरीएको छ ।

तालिका नं. १०

| क्र.सं. | वर्ष( वि.सं.) | सुख्खा, खडेरीले विगतका वर्षहरुमा पुर्‍याएको क्षति नोक्सानी | वडा नं |
|---|---|---|---|
| १ | २०४० | ९५ घरधुरीको ९५० रोपनी बारीमा गहुँ उत्पादनमा कमी<br>९५ घरधुरीको ९५० रोपनी खेतमा धान उत्पादनमा ४० प्रतिशतले कमी | सबै वडा |
| | | बजेडा, खान्मा टोलका १५० घरधुरीले प्रयोग गर्ने ३ मुहान सुकी खानेपानीको समस्या | बजेडा, खान्मा टोल |
| २ | २०४३ | जमिन सुक्का भएको कारण खेती गर्न नपाएको, भोकमरी चलेको | वडा नं ५, बजेडीचौर |
| ३ | २०५० | खानेपानीको मुहान सुकी पानीको समस्या | वडा नं २, बजेडीचौर |
| ४ | २०७१ | गहुखेती गर्न नमिलेको | पुरै वडामा, खानीखोला |
| ५ | २०७४ | अन्नबालीको उत्पादनमा ४५ प्रतिशतले ह्रास आएको | वडा नं १, गान्द्रा औलगान्द्रा घोरेटा र सुन्तोला |
| | | सिचाई नहुदा बाली उत्पादनमा ४० प्रतिशतले ह्रास आएको | वडा नं  २, नाहागाउको माथिल्लो भाग, |

| | | | |
|---|---|---|---|
| | | | काफलकोट को माथिल्लो भाग दुर्पालाको तिमिल्सेनी वडा नं ३ बाङ्गाडाला आग्रीगाउ, ठार र झयामा, सालजरी, खारौल |

### २.८. भुकम्प

सिम्ता गाउँपालिकामा भुकम्पले विगतको वर्षमा क्षति पुरयाएकोले यस्लाई तालिका नं. ११ मा समावेश गरीएको छ ।

तालिका नं. ११

| क्र.सं. | वर्ष(वि.सं.) | भुकम्पले विगत वर्षहरुमा पुर्‍याएको क्षति नोक्सानी | वडा नं |
|---|---|---|---|
| १ | २०७२ | २० घरधुरीका घरका भित्ता चर्केको | वडा नं ५, ६ र ७ |

माथिको तथ्या बिश्लेषण गर्दा सिम्ता गाउँपालिकामा सबैभन्दा बढी बाढी (नदी कटान) र त्यसपछि पहिरो र आगलागीले नोक्सान पुऱ्याएको देखिन्छ । त्यस्तै हावाहुरी, चट्याङ्ग र बाट पनि मानवीय तथा भौतिक क्षति ब्यहोर्नु परेको तथ्य रहेको छ जस्लाइ तलको तालिकामा संक्षेपमा उतारिएको छ ।

**<u>विभिन्न प्रकोपहरुले पुर्‍याएको क्षति (संक्षेपमा)</u>**

तालिका नं. १२

| प्रकोपको प्रकार | खेतियोग्य जमिन (रोपनी) | मानब | | चौपाया (वटा) | घर/गोठ (वटा) | विध ालय | घट्ट/सिचाई कुलो/भबन | आर्थिक कुल क्षति (रु,०००) | प्रभावित घरधुरी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | | | | | | |
| बाढी ( नदी कटान) | १०४३ | १९ | | ४७ | १३१ | | १घट्ट, १ कुलो | १०३०० | ३५८ |
| पहिरो | ११३ | | | | ६ | | | ५०० | ३० |
| आगलागी | | १ | | १६ | ३५ | | | १८५० | |
| हावाहुरी | | | | | ७५ | ७ | १ सा भबन | ३०० | |
| असिना | ३१० रो को बाली | | | | | | | १००० | |
| चटचा॰ | | ३ | २ | | ५ | | | | |
| भुकम्प | | | | | २० | | | | २० |

## परिच्छेद ३: जलवायुजन्य तथा गैरजलवायुजन्य प्रकोपहरुको वर्तमान एवं सम्भावित जोखिम

### ३.१.सिम्ता गाउँपालिकामा वर्तमान र भविश्यमा वर्षा तथा तापक्रममा हुनसक्ने परिवर्तनको अवस्था

विगत (सन् १९७१ देखि २०१४ सम्म)को तापक्रम र वर्षाको मात्रालाई आधार मानेर नेपाल सरकार जल तथा मौसम विज्ञान विभागले २०७४ सालमा गरेको अध्ययन अनुसार नेपालको वार्षिक तापक्रम बृद्दि दर ०.०५६° सेन्टिग्रेड रहेको छ । सुर्खेत जिल्लामा वार्षिक अधिकतम तापक्रम ०.०४° सेन्टिग्रेडले बढ्दै गइरहेको सो अध्ययनले देखाउँदछ । साथै विभिन्न अध्ययन प्रतिवेदन अनुसार सुर्खेत जिल्लाको तापक्रम विगत ४५ वर्षको अवधिमा १.६८ डिग्री सेल्सियसले वृद्धि भएको देखिन्छ। त्यसै गरि सो अध्ययनले ताता दिनहरु एवम् रातहरु बढदै गइरहेको, चिसा दिनहरु एवम् रातहरु घटदै गइरहेको साथै वर्षाको अनियमितता भएको देखाउँदछ जुन अनसुचि ४ को रेखाचित्रमा पनि प्रस्तुत गरिएको छ। यसरी हेर्दा सुर्खेत जिल्लामा तापक्रम र पानी पर्ने मात्रामा बृद्धि भएको देखिन्छ जसले गर्दा बाढी, पहिरो र आगलागीको घटनामा तिव्रता आउन सक्ने आँकलन गर्न सकिन्छ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा तयार गरेको जलवायुको परिवर्तित अवस्था वा परिदृष्यको प्रतिवेदन अनुसार सुर्खेत जिल्लामा आगामी वर्ष तथा दशकमा वर्षाको मात्रामा बढोत्तरी आउने अर्थात बि स २०७३ देखि २१०२ सम्म RCP 4.5 पद्धती अनुसार ०.११ प्रतिशत र RCP 8.5 अनुसार ६.८९ प्रतिशतले बढ्ने देखाएको छ। साथै बि स २०७३ देखि २१०२ सम्ममा, सुर्खेत जिल्लामा करीब १° सेन्टिग्रेडसम्म तापक्रम बढ्ने आँकलन गरिएको छ भने यदि विश्वले निकै कम हरित गृह ग्यास उत्सर्जन कम गर्ने बाटो अवलम्बन गरेमा सुर्खेत जिल्लामा तापक्रम वृद्धि १.८° सेन्टिग्रेडसम्म बढ्ने प्रक्षेपण गरिएको छ। त्यसै गरि, वर्षाको मात्रा बढेता पनी वर्षाका दिनहरु घट्ने, गर्मीका दिनहरु बढ्ने र चिसोको दिन र रात घट्ने आँकलन गरिएको छ। यसरी सुर्खेत जिल्लामा आउने तापक्रममा बृद्धि र वर्षामा आउने परिवर्तनले सिम्ता गाउँपालिकालाई पनि समेटेको हुनाले जलवायुमा आउने जुनसुकै परिवर्तनले पनि यस गाउँपालिकाको समग्र आर्थिक अवस्था र विभिन्न विकासका पूर्वाधारमा नकारात्मक असर तथा नोक्सानी हुने देखिन्छ ।

३.१. सिम्ता गाउँपालिकामा भविश्यमा वर्षा तथा तापक्रममा हुनसक्ने परिवर्तनको अवस्था **(Climate Scenarios)**

| क्र.सं. | विवरण | RCP 4.5 | | RCP 8.5 | |
|---|---|---|---|---|---|
| | | 2073-2102 | 2093-2122 | 2073-2102 | 2093-2122 |
| १ | Change in Precipitation (%) for Surkhet of Nepal from the reference period वर्षामा परिवर्तन (2038-2067) | 0.11 | 7.87 | 6.89 | 13.96 |
| २ | Change in Temperature (°C) for Surkhet of Nepal from the reference period तापक्रममा परिवर्तन (2038-2067) | 1 | 1.42 | 1.8 | 1.13 |


| क्र.सं. | जलवायु परिवर्तनका सूचकहरु (Climate Indices) | RCP 4.5 | | RCP 8.5 | |
|---|---|---|---|---|---|
| | | **2073-2102** | **2093-2122** | **2073-2102** | **2093-2122** |
| **(क) वर्षामा हुनसक्ने परिवर्तन (Change in Precipitation Indices)** | | | | | |
| १ | Change in Very Wet Days (P95) (%) for Surkhet of Nepal from the reference period (2038-2067) धेरै ओसिलो दिनहरुमा परिवर्तन | -2. 82 | 9.77 | 11.92 | 16.30 |
| २ | Change in Extreme Wet Days (P99) (%) for Surkhet of Nepal from the reference period (2038-2067) विषम ओसिलो दिनहरुमा परिवर्तन | 18.48 | 42.16 | 27.24 | 56.45 |
| ३ | Change in No. of Rainy Days (%) for Surkhet of Nepal from the reference period (2038-2067) वर्षाका दिनहरुमा परिवर्तन | -1.88 | -1.49 | -0.69 | 0.38 |
| ४ | Change in Consecutive Dry Days (CDD) (%) for Surkhet of Nepal from the reference period (2038-2067) निरन्तर सुख्खा हुने दिनहरुमा परिवर्तन | 5.75 | 3.36 | -1.56 | -2.08 |
| ५ | Change in Consecutive Wet Days (CWD) (%) for Surkhet of Nepal from the reference period (2038-2067) निरन्तर ओसिलो हुने दिनहरुमा परिवर्तन | -3.35 | -0.22 | 6.65 | 9.28 |
| **(ख) तापक्रममा हुनसक्ने परिवर्तन (Change in Temperature Indices)** | | | | | |
| ६ | Change in Warm Days (%) for Surkhet of Nepal from the reference period (2038-2067) गर्मी दिनहरुमा परिवर्तन | 6.11 | 8.98 | 5.91 | 9.35 |
| ७ | Change in Warm Nights (%) for Surkhet of Nepal from the reference period (2038-2067) गर्मी रातहरुमा परिवर्तन | 7.10 | 10.50 | 10.04 | 13.63 |
| ८ | Change in Cold Days (%) for Surkhet of Nepal from the reference period (2038-2067) चिसो दिनहरुमा परिवर्तन | -4.72 | -6.10 | -5.58 | -7.19 |
| ९ | Change in Cold nights (%) for Surkhet of Nepal from the reference period (2038-2067) चिसो रातहरुमा परिवर्तन | -4.54 | -5.85 | -5.09 | -6.97 |
| १० | Change in Warm Spell Duration Index (WSDI) (%) for Surkhet of Nepal from the reference period (2038-2067) | 85.95 | 128.45 | 96.15 | 157.08 |
| ११ | Change in Cold Spell Duration Index (CSDI) (%) for Surkhet of Nepal from the reference period (2038-2067) | -60.76 | -68.01 | -63.02 | -81.08 |

नोटः जलवायुको परिवर्तित अर्थात् भविष्यको अवस्था सम्बोधन गर्नको लागि विभिन्न पद्धतीहरु (Representative Concentration Pathways- RCP) मध्ये दुई वटा पद्धतीहरु RCP 4.5 र RCP 8.5 हुन् । RCP 4.5 भनेको कम हरित गृह ग्यास उत्सर्जन हुने अवस्था हो भने, RCP 8.5 पद्धती तुलनात्मक रुपमा RCP 4.5 भन्दा बढी हरित गृह ग्यास उत्सर्जन हुने अवस्था हो ।

## ३.२. जलवायु तथा गैह्र-जलवायुको विषम घटनाहरुका परिदृष्य **(Scenarios of Extreme Events)**

सिम्ता गाउँपालिकामा जलवायुजन्य प्रकोपको रुपमा बाढी (नदि कटान), पहिरो/सुख्खा पहिरो, सुख्खा/खडेरी, हावाहुरी/असिना, चट्याङ्ग, बन डढेलोको प्रकोपहरु र गैर जलवायुजन्य प्रकोपका रुपमा भुकम्प र मानवीय क्रियाकलापका कारण सिर्जित पहिरो, आगलागी, वन्यजन्तुको आक्रमण मुख्य प्रकोपको रुपमा रहेका छन् । ती प्रकोप मध्ये मुख्य प्रकोपको रुपमा बाढी (नदि कटान) र पहिरो देखापरेको छ भने हालका वर्षहरुमा सुख्खा र खडेरी र आगलागी को प्रकोप बढ्दै गएको छ । यहाको कमजोर भू-वनोट, अव्यवस्थित वसोवास र जलवायु परिवर्तनको कारणले समेत प्राकृतिक प्रकोपहरुको जोखिममा वृद्धि भएको पाइन्छ ।

**बाढी (नदि कटान)**





सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका भेरी नदीले घेरिएको छ । यी बाहेक सिम्ता खोला, जुगई खोला, काली खोला र अन्य पनि ससाना खोलाहरु रहेका छन् । यस क्षेत्रमा पूर्वदेखि पश्चिम भई बग्ने भेरी नदी र यसका सहायक नदी तथा खोलाहरूले वर्षेनी लाखौं मेट्रिक टन उर्वरा माटो बगाउनाको साथै बाढीको सम्भावनालाई द्रुत गतिमा फैलाउँदै लगेको पाइन्छ साथै विगत वर्ष भन्दा बाढीको क्षति बढी रहेको छ । बाढीबाट डुवानको समस्या नभए पनि विभिन्न खोलाहरुको कारण खेतीयोग्य जमिन तथा जन धनको क्षती भईरहेको छ । यस ठाउँमा खोला बस्ती भएर बग्ने र जलवायु परिबर्तनका कारण वर्षाको मात्रामा बढोत्तरी हुने आँकलन गरेकाले पनी भविष्यमा यो समस्या अझ जटिल हुने देखिन्छ ।

बाढी/नदी कटान को दृष्टिले राकम, आग्रीगाउँ, सालखोला, बाखर्क, औली झ्यामा, गजौडा, ज्यामिचौर, राकम, ठिग्नी गोजी बजार चुन्पानी क्षेत्रहरू जोखिममा छन् जस्लाई नक्शामा पनि उतारिएको छ ।

चित्र ३ सिम्ता गाउँपालिकाको बाढी (नदि कटान) जोखिमयुक्त स्थानको नक्शा

## पहिरो




चित्र ४ सिम्ता गाउँपालिकाको पहिरोको जोखिमयुक्त स्थानको नक्शा

सिम्ता गाउँपालिकामा विगत वर्ष भन्दा पहिरोको क्षति बढी रहेको छ । विगत वर्षहरुमा वर्षाको समयमा कमजोर भुबनोट रहेका वन, जंगलका छेउछाउहरुमा पहिरो जाने गर्ने गर्दथ्यो भने हाल अव्यवस्थित रुपले सडक विस्तार/निर्माण गर्ने हुदाँ पहिरो जाने गरेको छ । साथै जलवायुमा आएको परिवर्तन र भविष्यमा आउने परिवर्तनले यसको प्रकोप अझ बढ्ने देखिन्छ । पानीका मात्रामा बढोत्तरी हुँदा र अव्यवस्थित रुपले सडक विस्तार/निर्माण गर्ने हुदाँ पहिरो र सुख्खा पहिरोको घटना बढ्ने देखिन्छ ।

त्यसैगरी भू-क्षयको दृष्टिकोणले राकम, बजेडीचौर, खानीखोला पौवा, मुग्रहा तथा आग्रीगाउँका बस्तीहरु अति सम्वेदनशील रहेका छन् । जस्लाई जिआइएसको माध्यमद्वारा नक्शामा पनि उतारिएको छ ।

## सुख्खा र खडेरी

यस गाउँपालिकामा सुख्खा वा खडेरीका कारण कृषि क्षेत्रमा प्रत्यक्ष असर परिरहेको छ साथै विगतका दिनहरुमा पानीका मुहानहरु सुक्दै गएको छ । विभिन्न अध्ययनहरुले यो जिल्लामा वर्षामा बढोत्तरी हुने आँकलन गरे पनि वर्षाको समयमा हुने फेरवदली र वर्षाको मात्रामा र दिनमा आउने परिवर्तनले भविष्यमा यो समस्यालाई जटिल बनाउने देखिन्छ । यस गाउँपालिकामा खेतिको लागि मौसमी पानीको भर पर्ने ३३०० घरधुरीहरु बढी जोखिममा छन् ।

**आगलागी र वन डढेलो**

आगलागीले साधारणतया बाढी तथा पहिरो भन्दा कम ज्यान लिएको देखिन्छ तर यसले बाढी तथा पहिरोको तुलनामा भौतिक क्षति बढी गरेको हुन्छ । आगलागी प्रायजसो खरका छाना भएका घरहरुमा बढि देखिएको र हाल २६८७ वटा (५३ प्रतिशत) घरहरु खरका छाना भएकोले भविश्यमा पनि आगलागीको संभावना देखिन्छ । वन डढेलोले हरेक वर्ष वन, वन्यजन्तु, वनस्पति, वन पैदावार आदि कुराहरुमा ठूलो क्षति पुऱ्याइरहेको अवस्था छ । केही अध्ययनले यो जिल्लामा तापक्रममा १.८° सेन्टिग्रेडसम्म बढ्ने प्रक्षेपण गरे अनुसार भविष्यमा यो समस्या झन जटिल हुने देखिन्छ ।

**हावाहुरी, असिना**

विगत वर्षहरुलाई हेर्दा हावाहुरीको वहाव बढदै गएको छ । असिनाको पनि क्षति बढ्दो क्रममा रहेको हुँदा दुवै प्रकोपहरुको कारण तरकारी, फलफूल र भौतिक संरचना (जस्तै घर, विद्यालय) जोखिममा छन् ।

**महामारी**

स्थानियको भनाईका साथै बैज्ञानिक तथ्यको आधारमा पनि बाढी, पहिरो र सुक्खा खडेरिका कारण निम्तिने महामारी को जोखिम बढ्ने सम्भावना देखिन्छ । यस गाउँपालिकामा खासगरी भेरी नदी वस्तीहरुको वीचवाट वगेर जाने हुदा अधिकांश त्यस क्षेत्रका वासिन्दाहरुले भेरी नदीकै पानी दैनिक उपभोगमा ल्याउने गर्दछन । खास गरी विगतमा जाजरकोट र वाके जिल्लामा फैलिएको झाडा पखालाले यस जिल्लामा समेत प्रभावित हुनु त्यसको ज्वलन्त उधाहरण हो र हालसम्म २० जनाको मृत्यु भइसकेको छ । बढदो शहरीकरणका कारणले डेंगु लगाएतका नया रोगहरुले पनि यस ठाउलाई प्रभावित पार्न सक्ने देखिन्छ।

**सडक दुर्घटना**

सडक दुर्घटनाको दृष्टिले सुर्खेत जिल्ला बढी सम्वेदनशील रहेको छ । यातायातको विस्तारको क्रममा सडक दुर्घटना पनि बढदो क्रममा रहेको छ । साँघुरो सडकको कारण पनि बार्खक देखी राकम बजार सम्म बर्षेनी ३,४ जनाको सडक दुर्घटनाबाट मृत्यु भइरहेको छ ।

**भूकम्प**

अनुमानित अवस्थाः सुर्खेत जिल्लालाई आधार मानेर हालका दिनहरुमा कुनै पनि भूकम्प नआएता पनि भुकम्पिय जोखिमका दृष्टिकोणले सुर्खेत जिल्लाका सवै पालिकाहरु उत्तिकै जोखिममा रहेको र ग्रामिण क्षेत्र भन्दा शहरी क्षेत्र भूकम्पीय प्रभावका दृष्टिकोणले उच्च जोखिममा रहेका छन ।

## परिच्छेद ४: सम्मुखता, सङ्कटासन्नता तथा जोखिम न्यूनिकरण/अनुकुलनको वर्तमान अवस्था र क्षमता

### ४.१. लैगिंक संवेदनशिलता

विपदले कहिले पनि कुनै समूह वा व्यक्तिलाई छानेर असर गर्दैन तर हाम्रो सामाजिक संरचना, लैङ्गिक विभेदको कारणले गर्दा विशेष समूह वा समुदायलाई बढि असर गर्छ। विपद्ले समाजका सबै मानिसलाई प्रभावित गरेता पनि महिला र पुरुषबीच रहेको लैङ्गिक असमानताले गर्दा महिला तथा बालबालिकाहरु बढी प्रभावित र बढी जोखिममा रहेका छन । त्यसैगरी गरीब, आपाङ्गता भएका व्यक्ति, बृद्धबृद्धा, गर्भवति तथा सुत्केरीहरु पनि बढी जोखिममा रहेका छन । नेपालमा महिलाहरुको अवस्था, हैसियत र विशेष अवस्थाले जस्तैः सामाजिक, आर्थिक र सांस्कृतिक तत्वहरु र संयन्त्रहरु, श्रोत माथिको महिलाको सिमित पहूँच, नियन्त्रित अधिकार/स्वामित्व र निर्णय प्रकृयामा हुने न्युन सहभागिताले महिलालाई विपद तथा जलवायु परिवर्तनको नकारात्मक असरहरु प्रति थप जोखिम बढाएको छ । त्यसैगरी यस गाउँपालिकामा पनि विपद तथा जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा पुर्याएको असरले गर्दा बिशेसगरि महिलाहरु बढी प्रभाबित रहेका छन । जस्तै सुक्खा, खडेरीका कारण घर नजिकको मुहान सुकेर पानी लिन टाढा जानुपर्ने भएकाले घरका महिलाको समय बढी खर्च भई घरको काममा असर परेको छ, जमिन सुक्का भई अन्नबालीको उत्पादनमा कमी आई भोकमरी चल्दा त्यसको प्रत्क्षय असर सत्केरी, गर्भवती महिलामा परेको छ, नदि कटानले बस्तिमा असर गर्दा पौडी खेल्ने सिपको कमीका कारण प्राय महिला, बालबालिका तथा बृद्धबृद्धा जोखिममा रहेका छन । त्यसैगरि बिभिन्न प्रकोपको सम्मुखतामा रहने घरधुरीका विभिन्न समुहका लैङ्गिक खण्डीकृत तथ्याङ्क तलका संवेदनशिलताका तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.२. सम्मुखता, सङ्कटासन्नता तथा जोखिम न्यूनिकरण/अनुकुलनको वर्तमान क्षमता

सिम्ता गाउँपालिकामा विगत वर्षहरु देखि क्षति पुर्याउँदै आईरहेका, जलवायु परिवर्तनको कारण सिर्जित प्रकोपहरु र मानव सिर्जित प्रकोपहरुको सम्मुखता, सङ्कटासन्नता, जोखिम न्यूनिकरण/अनुकुलनको वर्तमान अवस्था र क्षमतालाई यस परिच्छेदमा समेटिएको छ ।

### बाढी (नदि कटान) को सम्मुखता

बाढीको सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरुलाई तालिका नं. १३ मा समेटिएको छ । यस तालिकामा बाढीले भविश्यमा पुरयाउनसक्ने असर्/प्रभावको आधारमा सम्मुखताका तत्व एवं प्रणालीहरु उल्लेख गरिएको छ । ती तत्व वा प्रणालीहरु बस्ती, जमिन नदी, खोलाको नजिक र नदि कटान हुने ठाउँमा रहेका कारण जोखिममा रहेका छन् ।

तालिका नं. १३

| क्र.सं. | सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरु |
|---|---|
| १ | ११०० घरधुरीहरु (वडा न १,२,३ जुगई खोलाको नजिक र वडा न ५,६,७,८,९ सिम्ता खोला छेउमा रहेका)(वडा नं.१ को सालखोला र बार्खकमा ३००, वडा नं.३ को बार्खक, औलभ्यामा १००, वडा नं.४ को गजैना, वाली खोलामा १५, वडा नं.५ को वडाभरी, वडा नं.६ गजौडा, ज्यामिचौर, राकम, ठिग्नी र गोजीखोलामा २१५, वडा नं.७ को वागनी, सीस्ने खोला, तामाधारीमा १००, वडा नं.८ आरुडाडा, साउखोला, माल्पा, चुन्पानीको ४० मा , वडा नं.९ जोगीहरा, कपढाडा, चेन्डाडा, चोल्पाका २६ घरधुरीहरु) |
| २ | २३०० रोपनी खेतियोग्य जमिन (वडा नं.१ को सालखोला र बार्खकमा ३००, वडा नं.३ को बार्खक, औलभ्यामा ३५०, वडा नं.४ को गजैना, वाली खोलामा १५०, वडा नं.५ मा ६००, वडा नं.६ गजौडा, ज्यामिचौर, राकम, ठिग्नी र गोजीखोलामा ५००, वडा नं.७ को वागनी, सीस्ने खोला, तामाधारीमा ३००, वडा नं.८ आरुडाडा, साउखोला, माल्पा, चुन्पानीको २५०, वडा नं९ जोगीहरा, कपढाडा, चेन्डाडा, चोल्पाको २०० रोपनी) |
| ३ | १३९ मी पाइप खानेपानी आयोजना |
| ४ | २१८ व्यवसायिक पसल |
| ५ | ९९ वटा सिंचाई कुलो |
| ६ | ६ विधालय |

## बाढीको (नदि कटान) कारण सिर्जित संकटासन्नता

बाढीको कारण संकटासन्न अवस्थामा रहेका तत्व एवं प्रणालीहरु यस शिर्षकमा उल्लेख गरिएको छ। विशेषत: संकटासन्नता अवस्थामा हुनुको कारण भनेको बाढीको सम्मुखतामा रहनु र यी प्रकोपहरुको कारण सिर्जित जोखिमको न्यनिकरण, विपदको समयमा प्रतिकार्य गर्ने र विपद् पश्चात पुनर्लाभ गर्न सक्ने क्षमता कम हुनु रहेकोले यी पक्षहरुलाई यहाँ समेटिएको छ। तालिका नं १४ ले संवेदनशिलता र तालिका नं. १५ ले विशिष्ट क्षमतालाई प्रस्तुत गरेको छ।

तालिका नं. १४

| क्र.सं. | सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरु | संवेदनशिलता |
|---|---|---|
| १ | ११०० घरधुरीहरु बाढी (नदि कटान) को सम्मुखतामा रहेका छन्। | ११०० घरधुरीमा जम्मा ५५०० जनसंख्या रहेको जस्मा महिला २७०० जना र पुरुष २८०० रहेको छ। उमेर |

| | | |
|---|---|---|
| | | समूहलाई हेर्दा ०-९ सम्मका २००० जना, १०-१९ सम्मका १५०० जना, २०-५९ सम्मका १३०० जना, ६० वर्ष माथिका ७०० जना र ४० फरक क्षमता भएका व्यक्तिहरु पहिरोले प्रभावित हुनेछन् |
| २ | २३०० खेतियोग्य जमिन | नदीको किनारमा रहनु र कमजोर भ- वनोटले गर्दा कटान हुनु |
| ३ | १३९ खानेपानी आयोजना | खानेपानी आयोजनाको संरचना कमजोर तथा नदि किनारमा रहनु |
| ४ | २१८ व्यवसाय | व्यवसायिक पसलहरु खोलाको नजिक र नदि कटान हुने ठाउमा |
| ५ | ९९ वटा सिंचाई कुलो | खोला सँग जोडिएको, कमजोर संरचना |

तालिका नं. १५

| क्र.सं. | क्षमताका क्षेत्रहरु | विद्यमान क्षमता |
|---|---|---|
| १ | बाढी, पहिरो जोखिम न्यूनिकरण | सिम्ता गाउँपालिका, डिभिजन बन कार्यालय, जलाधार ब्यबस्थापन कार्यालय, गैसस |
| २ | विपद् सामना क्षमता (प्रतिकार्य) | जिल्ला प्रशासन कार्यालय, सिम्ता गाउँपालिका, स्थानीय सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, खाद्यसंस्थान, खानेपानी तथा सरसफाई सवडिभिजन कार्यालय, गैसस, जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल उद्योग वाणिज्य संघ |
| ३ | विपद् पश्चात पुनर्लाभ | १ एम्बुलेन्स, १ गाडी, सामुदायिक वन (४५ वटा), सहकारी संस्था (२९ वटा), पालिकास्तरमा विपद् व्यवस्थापन कोष, १ ईन्जिनियर, ३ जुनियर ईन्जिनियर, ५ ओभरसियर, विपद सम्बन्धि तालिम प्राप्त जनशक्ति ४०५ जना |

**पहिरोको सम्मुखता**

पहिरोको सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरुलाई तालिका नं. १६ मा समेटिएको छ। यस तालिकामा सुख्खा, खडेरी ले भविश्यमा पुरयाउन सक्ने असर/प्रभावको आधारमा सम्मुखताका तत्व एवं प्रणालीहरु उल्लेख गरिएको छ । ती तत्व वा प्रणालीहरु भिरालो भूबनोट, पहिरोको नजिक भएको र अव्यवस्थित सडको निर्माणका कारण जोखिममा रहेका छन् ।

तालिका नं. १६

| क्र.सं. | सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरु | सम्मुखतामा रहनुका कारणहरु |
|---|---|---|
| १ | ८७५ घरधुरीहरु पहिरोको सम्मुखतामा रहेका | |
| २ | ७०० रोपनी खेतियोग्य जमिन | |
| ३ | ३३१ मी पाइप खानेपानी आयोजना | |
| ४ | २४ व्यवसाय | |
| ५ | २७ वटा सिंचाई कुलो | |
| ६ | १५ बिधालय | |
| ७ | खानेपानीका मुहान | |

**पहिरोको कारण सिर्जित संकटासन्नता**

पहिरोको कारण संकटासन्न अवस्थामा रहेका तत्व एवं प्रणालीहरु यस शिर्षकमा उल्लेख गरिएको छ । विशेषतः संकटासन्नता अवस्थामा हुन कारण भनेको पहिरोको सम्मुखतामा रहनु र यस प्रकोपको कारण सिर्जित जोखिमको न्यनिकरण, विपद्को समयमा प्रतिकार्य गर्ने र विपद् पश्चात पुनर्लाभ गर्न सक्ने क्षमता कम हुनु रहेकोले यी पक्षहरुलाई यहाँ समेटिएको छ । तालिका नं १७ ले संवेदनशिलता र तालिका नं. १७ ले विशिष्ट क्षमतालाई प्रस्तुत गरेको छ ।

तालिका नं. १७

| क्र.सं. | सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरु | संवेदनशिलता |
|---|---|---|
| १ | ८७५ घरधुरीहरु | ८७५ घरधुरीमा जम्मा ४३७५जनसंख्या रहेको जस्मा महिला २००० जना र पुरुष २३७५ रहेको छ । उमेर समूहलाई हेर्दा ०-९ सम्मका ५०० जना, १०-१९ सम्मका ११०० जना, २०-५९ सम्मका २५०० जना र ६० वर्ष माथिका ७०० जना, ७५ जना |

| | | |
|---|---|---|
| | | भिन्न छमता भएका ब्यक्तिहरु पहिरोले प्रभावित हुनेछन् । ८७५ घरधुरीमा ९० विपन्न घरधुरी रहेका |

तालिका नं. १८

| क्र.सं. | क्षमताका क्षेत्रहरु | विद्यमान क्षमता |
|---|---|---|
| १ | बाढी, पहिरो जोखिम न्यूनिकरण | सिम्ता गाउँपालिका, डिभिजन बन कार्यालय, जलाधार ब्यबस्थापन कार्यालय, गैसस |
| २ | विपद् सामना क्षमता (प्रतिकार्य) | जिल्ला प्रशासन कार्यालय, सिम्ता गाउँपालिका, स्थानीय सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, खाद्यसंस्थान, खानेपानी तथा सरसफाई सवडिभिजन कार्यालय, गैसस, जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल उद्योग वाणिज्य संघ |
| ३ | विपद् पश्चात पुनर्लाभ | १ एम्बुलेन्स, १ गाडी, सामुदायिक वन (४५ वटा), सहकारी संस्था (२९ वटा), पालिकास्तरमा विपद् व्यवस्थापन कोष, १ ईञ्जिनियर, ३ जुनियर ईञ्जिनियर, ५ ओभरसियर, विपद सम्बन्धि तालिम प्राप्त जनशक्ति ४०५ जना |

**आगलागी र वन डढेलोको सम्मुखता**

आगलागीको सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरुलाई तालिका नं. १९ मा समेटिएको छ । यस तालिकामा आगलागीले भविश्यमा पुरयाउनसक्ने असर/प्रभावको आधारमा सम्मुखताका तत्व एवं प्रणालीहरु उल्लेख गरिएको छ ।

तालिका नं. १९

| क्र.सं. | सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरु |
|---|---|

| | |
|---|---|
| १ | २६८७ घरधुरीहरु खरका छाना भएका (वडा नं.१ मा १४३, वडा नं.२ मा ४४६, वडा नं.३ मा २२१, वडा नं.४र५ मा ४५१ , वडा नं.६ मा १५८, वडा नं.७ मा ३६१ , वडा नं.८ मा ३९५ , वडा नं.९ मा ५१२) |
| २ | ४५ सामुदायिक बन |

**आगलागीको कारण सिर्जित संकटासन्नता**

आगलागीको कारण संकटासन्न अवस्थामा रहेका तत्व एवं प्रणालीहरु यस शिर्षकमा उल्लेख गरिएको छ । विशेषतः संकटासन्नता अवस्थामा हुनु कारण भनेको आगलागीको सम्मुखतामा रहनु र यस प्रकोपको कारण सिर्जित जोखिमको न्यनिकरण, विपद्को समयमा प्रतिकार्य गर्ने र विपद् पश्चात पुनर्लाभ गर्न सक्ने क्षमता कम हुनु रहेकोले यी पक्षहरुलाई यहाँ समेटिएको छ। तालिका नं २० ले संवेदनशिलता र तालिका नं. २१ ले विशिष्ट क्षमतालाई प्रस्तुत गरेको छ ।

तालिका नं. २०

| क्र.सं. | सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरु | संवेदनशिलता |
|---|---|---|
| १ | २६८७ घरधुरीहरु | खरका छाना भएका घरहरु । |
| २ | सामुदायिक वन | यहाँका वनहरुमा प्राय सल्ला प्रजातीका बोटहरु बढि रहेको र सल्लाको खोटो उच्च प्रज्वलनशिल (highly flammable) हुने |

तालिका नं. २१

| क्र.सं. | क्षमताका क्षेत्रहरु | विद्यमान क्षमता |
|---|---|---|
| १ | आगलागीको जोखिम न्यूनिकरण | डिभिजन बन कार्यालय, रेन्जपोश्ट कार्यालय, विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएको, वन तथा आगलागी व्यवस्थापन सम्बन्धि तालिम प्राप्त जनशक्ति ४०५ जना -मः १७५ , पुः २३०) |
| २ | विपद् सामना क्षमता (प्रतिकार्य) | नेपाल रेडक्रस सोसाईटि, एम्बुलेन्स सेवा, स्वास्थ्य चौकी |
| ३ | विपद् पश्चात पुनर्लाभ | विपद् व्यवस्थापन कोष, सामुदायिक वन व्यवस्थापन कोष |

**अन्य प्रकोपको सम्मुखता, संकटासन्नता, संवेदनशिलता र विद्यमान क्षमता**

- बन्यजन्तु सबै वडाका १२०० घरधुरीहरु, जगलको नजिक छेउछाउमा रहेकाले बन्यजन्तुको आक्रमणमा पर्ने धेरै सभाबना रहेको र सोही घरधुरीहरुको ५०० रोपनी खेतिबाली बादर, बदेलले सखाप पार्न सक्ने अवस्था रहेको छ ।
- सुख्खा र खडेरीको सम्मुखतामा रहेका तत्व एवं प्रणालीहरुलाइ केलाएर हेर्दा खेतिको लागि मौसमी पानीको भर पर्ने घरधुरीहरुको सख्या ३३०० रहेको छ ।
- जलवायु परिवर्तनको कारण तापक्रममा बृद्धि हुनु, वनजंगल विनास र जमिन रिचार्ज नहुनाले सबै वडाको को ३० वटा पानी मुहान प्रयोग गर्ने २२०० घरधुरी सम्मुखतामा रहेका छन ।
- सुख्खा, खडेरीको कारण सिर्जित संकटासन्नताको अबस्था हेर्दा ३३०० घरधुरीहरु जस्मा १३२००० जना मानिसहरु ६२०० जना महिला र ७००० जना पुरुषहरु जोखिममा छन किनकी यि घरधुरीहरु खेतिको लागि मौसमी पानीको भर पर्छन र खडेरीको कारण कृषि उत्पादनेमा कमि आउनाको साथै खाद्य सुरक्षा तथा पोषणमा कमि हुने आकलन गरिएको छ ।
- सुख्खा र खडेरीका जोखिम न्युनिकरणका लागी सिम्ता गाउँपालिकामा १ कृषि शाखा छ जस्अन्तर्गत ६ जना कृषि तथा पशु प्राविधिक, गैसस का केही कार्यक्रमहरु, कृषि विमा कार्यक्रम सञ्चालन, सिप विकास तालिम प्राप्त जनशक्ति ८७५ जना छन ।
- सबै वडाका सरकारी मापदण्ड अनुरुप निर्माण नभएका घर तथा भबनहरु भुकम्पबाट बढी जोखिममा रहेका छन ।
- प्रकोपको कारण सिर्जित जोखिमको न्युनिकरण र अनुकूलनका लागी माथि उल्लेखित विद्यमान क्षमता नै उपयोगी हुनसक्छन् ।

## परिच्छेद ५: जलवायु तथा विपद् जोखिम व्यवस्थापनका लागि संस्थागत व्यवस्था

सिम्ता गाउँपालिकाले प्राकृतिक तथा गैर प्राकृतिक विपद्‌वाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ बनाएको छ । यसका साथै २० सदस्यीय "गाउँ विपद् व्यवस्थापन समिति" समेत गठन गरिएको छ जस्को संयोजक गाउपालिकाको अध्यक्ष हुनुहुन्छ भने सदस्य सचिवमा विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको शाखा प्रमुख हुनुहुन्छ । प्रत्येक वडामा वडास्तरिय विपद् व्यवस्थापन समिति गठन गर्ने व्यवस्था ऐनमा उल्लेख गरिएको छ यद्यपि कुनै वडामा पनी सो कार्य सम्पन्न भइसकेको छैन । तथापि योजना तर्जुमाका निम्ति एउटा गाउँस्तरीय विपद् व्यवस्थापन उपसमिति गठन भइसकेको अवस्था छ ।

विपद् व्यवस्थापनकै लागि भनेर ऐन अन्तर्गत रहेर गाउँस्तरीय विपद् व्यवस्थापन कोषको समेत स्थापना गरिएको छ । यो कोष, सिम्ता गाउँपालिका, सुर्खेत बाटै सञ्चालन भईरहेको छ । जसबाट गत आर्थिक वर्षमा २१ घरधुरीका परिवारलाई प्रकोप राहत स्वरुप नगद स्वरुप सहयोग गरिएको छ । यस कोषको संचालनको लागि गाउँपालिकाले यस आर्थिक वर्षमा रु ६५ लाख विनियोजन गरेको छ । संस्थागत संरचनाको आधारमा, यस गाउँकार्यपालिकाको कार्यलयमा वातावरण तथा विपद् व्यवस्थापन इकाई समेत गठन गरिएको छ र पर्याप्त कर्मचारी भएको खण्डमा बढी प्रभावकारी हुन सक्छ ।

## परिच्छेद ६: निष्कर्ष तथा भावी कार्यदिशा

प्रकोपले विगतमा पुर्‍याएको नोक्सानी तथा क्षतिको विश्लेषण, प्रकोपको बारम्बरता, सम्मुखतामा रहेका तत्व वा प्रणाली र संकटासन्नताको आधारमा र परिवर्तित जलवायुले ती प्रकोपहरुको कठोरता र वारम्बरतामा ल्याउने परिवर्तनका दृष्टिकोणबाट सिम्ता गाउँपालिका प्राकृतिक र गैरप्राकृतिक र मानवीय गतिविधिका कारण सिर्जित प्रकोपबाट जोखिममा रहेको छ । अधिकांश भूभाग भिरालो र नदी तथा खोलानालाहरु बस्ती भएर बग्ने हुनाले साथै धेरै जसो घरधुरी गरीबीको चपेटामा रहेको हुनाले प्रकोपको जोखिम बढेको छ । तथापि गाउँपालिकाले ऐनका साथै वार्षिकरुपमा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गरेर जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनको सबाललाइ भने सम्बोधन गर्ने प्रयास गरेको छ । सिम्ता गाउँपालिकाको जलवायु र विपद् जोखिम व्यवस्थापनको विश्लेषणबाट तलका बुँदाहरु निष्कर्षका रुपमा राखिएको छः

१) सिम्ता गाउँपालिकामा जलवायुजन्य प्रकोपको रुपमा बाढी (नदि कटान), पहिरो/सुख्खा पहिरो, सुख्खा/खडेरी, हावाहुरी/ असिना, चट्याङ्ग, बन डढेलोको प्रकोपहरु र गैर जलवायुजन्य प्रकोपका रुपमा भुकम्प र मानवीय क्रियाकलापका कारण सिर्जित पहिरो, आगलागी, वन्यजन्तुको आक्रमण मुख्य प्रकोपको रुपमा रहेका छन् । विगत देखि वर्तमान सम्मको क्षति र वारम्बारतालाई हेर्दा यस गाउँपालिकामा नदी कटान/बाढी प्रमुख प्रकोपको रुपमा रहेको छ ।

२) विकास निर्माणको क्रममा मोटरबाटो निर्माणमा वातावरणीय साथै भूगोल (माटो)को अध्ययन नहुँदा सडक विस्तार र निर्माणको कारण पहिरोको जोखिम बढदै गएको छ ।

३) अनुमानित अवस्थाः सुर्खेत जिल्लालाई आधार मानेर हालका दिनहरुमा कुनै पनि भूकम्प नआएता पनि भुकम्पिय जोखिमका दृष्टिकोणले सुर्खेत जिल्लाका सवै पालिकाहरु उत्तिकै जोखिममा रहेको र ग्रामिण क्षेत्र भन्दा शहरी क्षेत्र भूकम्पीय प्रभावका दृष्टिकोणले उच्च जोखिममा रहेका छन ।

४) जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनको लागि गाउँपालिकामा छुट्टै ऐन बनेको छ तर सो ऐन कार्यान्वयन गर्न चाहिने कार्यविधि बनिसकेको छैन । ऐन अन्तर्गत गाउँपालिका अध्यक्ष संयोजक रहेको गाउँपालिकास्तरिय विपद् व्यवस्थापन समिति गठन भएको छ  तर ऐन अन्तर्गत नै गठन हुनुपर्ने वडास्तरीय विपद् व्यवस्थापन समिति भने गठन भएको छैन ।

५) विपद् व्यवस्थापन ऐन अन्तर्गत स्थापना भएको विपद् व्यवस्थापन कोषको सञ्चालन तथा व्यवस्थापनको लागि भनेर छुट्टै कार्यविधि वा निर्देशिका भने निर्माण भइसकेको छैन ।

**भावि कार्यदिशा :**

(क) विपद् जोखिम व्यवस्थापन ऐन कार्यान्वयन गर्नको लागी चाहिने आवश्यक कार्यविधि निर्माण गर्ने ।

(ख) भौतिक संरचनाहरु निर्माणका लागि मापदण्डहरु (Standards) तयार गरी लागू गर्ने ।

(ग) जलवायु परिवर्तन तथा विपद् जोखिम लाई सम्बोधन गर्नका लागी बिकास निर्माणका योजनामा मूलप्रबाहिकरण गर्नका लागि जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिने ।

## सन्दर्भ सामग्रीहरुः


- सिम्ता गाउँपालिका, २०७५. सिम्ता गाउँपालिकाको वस्तुगत विवरण (मस्यौदा). बजेडिचौर, सुर्खेत
- नेपाल सरकार गृह मन्त्रालय, २०६८, जिल्ला विपद पूर्वतयारी योजना, सुर्खेत
- बजेडिचौर गाविस, २०७३ बजेडिचौर गाविसको स्थानीय अनुकूलन कार्ययोजना (LAPA), सुर्खेत
- खानिखोला गाविस, २०७३ खानिखोला गाविसको स्थानीय अनुकूलन कार्ययोजना (LAPA), सुर्खेत
- DFID, 2017. Earthquake Scenario Ensembles: Key Messages (Draft report DFID). *DFID Nepal*, *Kathmandu*
- MOFE, 2018. Climate change scenarios for Nepal for National Adaptation Plan (NAP). *Ministry of Forests and Environment*, *Kathmandu*
- DHM, 2017. Observed Climate Trend Analysis in the Districts and Physiographic Regions of Nepal (1971-2014). *Department of Hydrology and Meteorology*, *Kathmandu*

## अनुसूचिहरुः


अनुसूचि नं. १. गाँउस्तरीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु

| क्र.सं. | पद | प्रतिनिधि |
|---|---|---|
| १ | संयोजक | गाउँपालिका अध्यक्ष प्रमुख |
| २ | सदस्य | गाउँपालिका उपाध्यक्ष उपप्रमुख |
| ३ | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | सदस्य | बिषयगत समितिका संयोजकहरु |
| ५ | सदस्य | प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय |
| ६ | सदस्य | सामाजिक महाशाखा वा शाखा प्रमुख |
| ७ | सदस्य | पुर्वाधार विकास महाशाखा वा शाखा प्रमुख |
| ८ | सदस्य | सिम्ता गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघिय प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि |
| ९ | सदस्य | गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि |
| १० | सदस्य | नगर प्रहरी प्रमुख |
| ११ | सदस्य | राष्टिय मान्यता प्राप्त दलका गाउँपालिका स्थित प्रमुख वा प्रतिनिधि. |
| १२ | सदस्य | नेपाल रेडकस सोसाईटीका प्रतिनिधि १ जना |
| १३ | सदस्य | निजी क्षेत्रको उद्योग वाणिज्य सम्वन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना |
| १४ | सदस्य | गैरसरकारी संस्था महासंघका स्थानिय प्रतिनिधि १ जना |
| १५ | सदस्य | नेपाल पत्रकार महासंघका स्थानिय प्रतिनिधि १ जना. |
| १६ | सदस्य सचिव | विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको महाशाखा वा शाखा प्रमुख |


अनुसूचि नं. २. वातावरण तथा विपद् व्यवस्थापन समिति, सिम्ता गाउँपालिका, सुर्खेत

| क्र.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | गेहेन्द्र कुमार हमाल | संयोजक | कार्यपालिका सदस्य |
| २ | नेत्रलाल महतरा | सदस्य | निर्वाचित प्रतिनिधि |
| ३ | शोभा परियार | सदस्य | निर्वाचित प्रतिनिधि |
| ४ | | सदस्य | निर्वाचित प्रतिनिधि |
| ५ | नारायण पोखरेल | सदस्य सचिब | कार्यपालिका कर्मचारी |


## अनुसूचि नं. ३. भुकम्पिय जोखिममा रहेको सुर्खेत जिल्ला




अनुसूचि नं. ४. सुर्खेत जिल्लाको जलवायु परिवर्तनको अवस्था





चित्र नं ५: सुर्खेत जिल्लाको औसत तापक्रम






चित्र नं ६ र ७: अति उच्च तथा अति न्युन अधिकतम तापक्रम





चित्र नं ८ : चिसोको दिन घटेको





चित्र नं ९: गर्मीको दिन बढेको





चित्र नं १०: चिसोको रात घटेको




चित्र नं ११: गर्मीको रात बढेको




चित्र नं १२: वार्षिक औसत वर्षाका वृद्धिदर




चित्र नं १३: भारी वर्षा हुने दिनको वृद्धिदर

**(स्रोत: राम प्रसाद अवस्थी,मौसमविद, वन तथा वातावरण मन्त्रालय)**

अनुसूचि न. ५. सिम्ता गाउँपालिकामा मा देखापर्ने प्रकोप र प्रभावित वडाहरु

| क.सं. | प्रकोप | प्रकोप प्रभावित वार्डहरु |
|---|---|---|
| १ | बाढी | १, ३, ५, ६, ७ |
| २ | पहिरो | १, २, ३, ४, ७ |
| ३ | सुख्खा, खडेरी | सबै वडाहरु |
| ४ | चटयाङ्ग | सबै वडाहरु |
| ५ | आगलागी | सबै वडाहरु |
| ६ | हावाहुरी, असिना | सबै वडाहरु |
| ७ | बन्यजन्तु | सबै वडाहरु |
| ८ | भुकम्प | सबै वडाहरु |

अनसूचि नं. ६. सिम्ता गाउपालिकामा छानाको प्रकारको आधारमा घरधुरी संख्या

| वडा नं | गाँउको नाम | जम्मा घरधुरी | खर / पराल | जस्तापाता | ढुङ्गा | ढलान | काठ | माटो | अन्य | अनुत्तरीत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | घोरेटा | ५३० | १४३ | २३ | ३३६ | ० | ० | १४ | ४ | १० |
| २ | काफलकोट | ५८४ | ४४६ | ४० | ८७ | ० | २ | ० | ० | ९ |
| ३ | आग्रिगाउ | ५०९ | २२१ | ५७ | २२५ | ० | १ | ५ | ० | ० |
| ४ र ५ | बजेडिचौर | ८६५ | ४५१ | १५० | २१९ | ० | ० | ३९ | १ | ५ |
| ६ | राकम | ८०० | १५८ | ३०५ | २२२ | २९ | १ | ८१ | ० | ४ |
| ७ | काप्रिचौर | ५९८ | ३६१ | ११२ | २१ | ० | १ | ८१ | १२ | १० |
| ८ | डाडँखाली | ५४१ | ३९५ | ९८ | २९ | १ | १ | १५ | ० | २ |
| ९ | खानीखोला | ६६७ | ५१२ | ११४ | ३८ | ० | १ | ० | ० | २ |
| | जम्मा | ५०९४ | २६८७ | ८९९ | ११७७ | ३० | ७ | २३५ | १७ | ४२ |

## अनसूचि नं. ७. सिम्ता गाउपालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरु

| वडा न | सि न | उपभोक्ता समुहको नाम | क्षेत्रफल (हे.) | लाभान्वित घर धुरी | लाभान्वित जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| १ | १ | सुन्तोला वन उपभोक्ता समिति | ४८८ | ३२० | १००१ | ८८४ | १८८५ |
| | २ | राम्री वन उपभोक्ता समिति | ४८८ | २९० | ८७८ | ९०७ | १७८५ |
| | ३ | हाव्रेचुली वन उपभोक्ता समिति | ४७१.४ | २४१ | ७०० | ५९१ | १२९१ |
| | ४ | मण्डेला वालदेवी वन उपभोक्ता समिति | १७३ | १७८ | ४२० | ३९३ | ८१३ |
| | ५ | युवाप्रगतिसिल वन उपभोक्ता समिति | १७९.१७ | १३७ | ३४३ | ३३८ | ६८१ |
| २ | ६ | दुर्पाला वन उपभोक्ता समिति | २७६ | २१४ | ४२३ | ३५४ | ७७७ |
| | ७ | विउरेनी वन उपभोक्ता समिति | १२८ | ९१ | ३७५ | ३९० | ७६५ |
| | ८ | महादेव वन उपभोक्ता समिति | ६४५ | २२१ | ९३२ | ६२० | १५५२ |
| | ९ | सिस्नेखोचेरी लालीगुरास वन उपभोक्ता समिति | २९७.०२ | ४९ | १५२ | १९२ | ३४४ |
| | १० | काफलकोट वन उपभोक्ता समिति | १९१ | १७३ | ४३३ | ४२५ | ८५८ |
| ३ | ११ | झयमा वन उपभोक्ता समिति | ४२४.८ | ४१० | १३०९ | १२४७ | २५५६ |
| | १२ | पोखरीचौर वन उपभोक्ता समिति | १५४ | १५६ | ५८१ | ५३७ | १११८ |
| | १३ | नवसृजनशिल वन उपभोक्ता समिति | १६३ | ८९ | २०३ | २०३ | ४०६ |
| | १४ | औलयाम वन उपभोक्ता समिति | ४०१.५ | २०३ | ४६२ | २२७ | ६८९ |
| ४ | १५ | परी वन उपभोक्ता समिति | ५८ | ९६ | ३२० | ३४० | ६६० |
| | १६ | लक्ष्मी वन उपभोक्ता समिति | २४०.२५ | २६१ | ६८९ | ६७९ | १३६८ |
| | १७ | पानीखोला वन उपभोक्ता समिति | १९८.६९ | ७० | १५९ | १९९ | ३५८ |
| | १८ | ठुलोपोखरी वन उपभोक्ता समिति | १३१ | ३०४ | ६१० | ६०६ | १२१६ |
| ५ | १९ | पिल्क सामुदायिक वन उपभोक्ता समिति | ४२९.१५ | २१८ | ५९८ | ६४९ | १२४७ |
| | २० | रानीवन वन उपभोक्ता समिति | २८५ | ६५ | २२५ | २२८ | ४५३ |
| | २१ | सुन्दरी महिला वन उपभोक्ता समिति | १८४ | ११२ | २८५ | २७५ | ५६० |
| ६ | २२ | घगवती वन उपभोक्ता समिति | २३४.४९ | ८७ | २३४ | २२५ | ४५९ |
| | २३ | मुलपानी वन उपभोक्ता समिति | १८१.७७ | १८८ | ५६७ | ५८० | ११४७ |
| | २४ | सिद्धकाली वन उपभोक्ता समिति | २४६.५५ | १९९ | ५०७ | ४८८ | ९९५ |
| | २५ | भेरीगंगाा वन उपभोक्ता समिति | २८८.८१ | १४६ | ६८७ | २६२ | ९४९ |
| ७ | २६ | गायखोला वन उपभोक्ता समिति | १७२.३ | १३३ | ४१२ | ३२३ | ७३५ |
| | २७ | अमारीकोट वन उपभोक्ता समिति | ९०.९३ | ६४ | १७१ | २०४ | ३७५ |
| | २८ | साउनेपानी वन उपभोक्ता समिति | १८२.१६ | १३९ | ४१८ | ४३९ | ८५७ |
| | २९ | तामाचुली वन उपभोक्ता समिति | १५० | ६० | १५६ | १६६ | ३२२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३० | चिउरीडाडा वन उपभोक्ता समिति | १८०.९७ | ५२ | १०५ | ११५ | २२० |
| ८ | ३१ | सुन्दरनगर पपहला वन उपभोक्ता समिति | ३०९.१८ | १३० | ३४५ | ४०२ | ७४७ |
| | ३२ | माईभगवती वन उपभोक्ता समिति | ४६.५८ | ३० | ५४ | ९३ | १४७ |
| | ३३ | लालीगुरास सग्लेना वन उपभोक्ता समिति | २२६.०४ | १३८ | २५४ | ३३१ | ५८५ |
| ९ | ३४ | रामपोखरी वन उपभोक्ता समिति | ३७२.७२ | १६१ | ३९८ | ४१३ | ८११ |
| | ३५ | झिलझिले वन उपभोक्ता समिति | १५१.१९ | ६० | १०६ | १८९ | २९५ |
| | ३६ | बाखरे ओडार वन उपभोक्ता समिति | १७८.४८ | १०१ | २७८ | ३१६ | ५९४ |
| | ३७ | लेकबेसी वन उपभोक्ता समिति | २४८.२५ | ११७ | ३४२ | ३१३ | ६५५ |
| | ३८ | गोगनधारा वन उपभोक्ता समिति | १४२.७६ | ५५ | ११८ | ११९ | २३७ |
| | ३९ | टाङ्कुटीमाई वन उपभोक्ता समिति | १३४.९ | ८० | २०६ | १९९ | ४०५ |
| | ४० | चोप्लाचौतारी वन उपभोक्ता समिति | १७४.२५ | ११६ | २५६ | २५० | ५०६ |
| | ४१ | एकिकृत वन उपभोक्ता समिति | १०३.८१ | ७४ | १६८ | २३४ | ४०२ |

## अनुसूचि न. ८. सिम्ता गाउँपालिकामा मा कार्यरत सँघ संस्था

| सि न | संस्थाको नाम | कार्यक्रमको विषयगत क्षेत्र |
|---|---|---|
| १ | सुन्दर नेपाल संस्था | सुशासन |
| २ | स्याक नेपाल | लैङ्गिक उत्तरदायित्व |
| ३ | वाम | महिला सशक्तीकरण |
| ४ | सेलर्ड | मेलमिलाप |
| ५ | ईक्वोइलएक्सेस | सुशासन |
| ७ | आस्था नेपाल | |
| ८ | गरिवी निवारण कोष | आय आर्जन र पूर्वाधार |
| ९ | एलजीसीडिपी | सामाजिक परिचालन |
| १० | असल शासन | जवाफदेहिता |
| ११ | दिगो विकास | सामाजिक परिचालन |
| १२ | किर्डाक नेपाल | सशक्तीकरण तथा जनचेतना |
| १३ | महिला विकास | महिला हिंसा विरुद्ध |
| १४ | आवाज | महिला सवलीकरण |
| १५ | अन्तर्निर्भर समाज | महिला सशक्तिकरण |

## अनुसूचि न. ९. पार्श्वचित्र निर्माणको क्रममा छलफल गरिएका विभिन्न व्यक्तिहरुको विवरण

| क्र.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | कबिन्द्र कुमार के.सी. | अध्यक्ष | सिम्ता गाउँपालिका |
| २ | चन्द्रा शाही | उपाध्यक्ष | सिम्ता गाउँपालिका |
| ३ | जनक बहादुर हमाल | कार्यकारी अधिकृत | सिम्ता गाउँपालिका |
| ४ | मानसिं कामी | अध्यक्ष | वडा नं. १ |
| ५ | हरि बहादुर सिंह ठकुरी | अध्यक्ष | वडा नं. २ |
| ६ | नहकुल बुढा | अध्यक्ष | वडा नं. ३ |
| ७ | नेत्रलाल महतरा | सदस्य | वडा नं. ४ |
| ८ | मोहन कुमार बि.सी. | अध्यक्ष | वडा नं. ५ |
| ९ | राजेन्द सिंह ठकुरी | अध्यक्ष | वडा नं. ६ |
| १० | गेहेन्द्र कुमार हमाल | अध्यक्ष | वडा नं. ७ |
| ११ | यद्ध बहादुर मल्ल | अध्यक्ष | वडा नं. ८ |
| १२ | लाल बहादुर बुढा | अध्यक्ष | वडा नं. ९ |
| १३ | दिपा मल्ल चन्द | कार्यपालिका सदस्य | सिम्ता गाउँपालिका |
| १४ | टेक नारायण बि.क. | कार्यपालिका सदस्य | सिम्ता गाउँपालिका |
| १५ | राधिका नेपाली | कार्यपालिका सदस्य | सिम्ता गाउँपालिका |
| १६ | तुलसी खत्री सिंह | कार्यपालिका सदस्य | सिम्ता गाउँपालिका |
| १७ | सुनिल बादी | कार्यपालिका सदस्य | सिम्ता गाउँपालिका |
| १८ | धन बहादुर खत्री | व्यबस्थापिका सदस्य | सिम्ता गाउँपालिका |
| १९ | तेज बित्रम शाही | गाउँ सभा सदस्य | सिम्ता गाउँपालिका |
| २० | भोपेन्द के.सी | प्राबिधिक | सिम्ता गाउँपालिका |
| २१ | नारायण पोखरेल | सब इन्जिनियर | सिम्ता गाउँपालिका |
| २२ | विन्द बहादर अधिकारी | सामाजिक परिचालक | सिम्ता गाउँपालिका |
| २३ | भविन्द्र प्रसाद शर्मा | सामाजिक परिचालक | सिम्ता गाउँपालिका |
| २४ | चन्द्र बहादुर शाही | सामाजिक परिचालक | सिम्ता गाउँपालिका |
| २५ | बालकृष्ण बस्नेत | पशु स्वास्थ्य प्राबिधिक | पशु सेवा केन्द्र |
| २६ | दिल बहादुर पुन | पशु स्वास्थ्य प्राबिधिक | पशु सेवा केन्द्र |
| २७ | चन्द्र प्रकाश थापा | समाज सेवी | सिम्ता गाउँपालिका |
| २८ | वकिल बि. क. | स्थानिय स्रोत व्यक्ति | ओ पि एम |
| २९ | रबि चन्द | सामाजिक अभियन्ता | पहल कार्यक्रम |

## अनुसूचि न. १०. सिम्ता गाउँपालिकाको नक्शा

